**स्वास्थ्यमा ध्यान दिऔं।**

❖सन्तुलित र पोषणयुक्त खाना खाऔं,
❖नियमित योग, ध्यान, व्यायाम र हिँडडुल गरौं,
❖शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
❖सरसफाइमा विशेष ध्यान दिऔं,
❖बालबालिकालाई समयमै खोप लगाऔं,
❖नियमित स्वास्थ्य परीक्षण गरौं,
❖धुमपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
❖प्रशस्त मात्रामा पानी पिउने गरौं,
❖मानसिक स्वास्थ्यको ख्याल राखौं,
❖स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतबाट लिऔं।

स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : ८६ ★ ने. सं. ११४६ बछला थ्व, द्वितीया ★ आइतबार ★ ६ वैशाख, २०८३ ★ April 19, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




संयुक्त अधिराज्य (बेलायत) को म्यान्चेस्टर सहरमा आप्रवासनविरोधी दक्षिणपन्थीहरूको प्रदर्शनविरुद्ध प्रगतिशील जनताको प्रदर्शन अप्रिल १८, २०२६ का दिन । प्लेकार्डहरूमा अति दक्षिणपन्थीहरूमाथि रोक लगाउन माग गरिएको छ ।

*तस्बिर : पिटर पावेल/एएफपी*

# सिक्टा सिँचाइ आयोजना
# २० वर्षमा ४६ प्रतिशतमात्र भौतिक प्रगति

राँझा (बाँके), ५ वैशाख । बाँकेमा निर्माणाधीन राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजना सुरु भएको दुई दशक बितिसक्दा हालसम्म ४६ प्रतिशत भौतिक प्रगति हासिल भएको छ । आर्थिक वर्ष २०६१/६२ मा स्थापना भई सोही आवदेखि निर्माण सुरु भएको आयोजनाको हालसम्म ४६ प्रतिशत काम भएको हो ।

सिक्टा सिँचाइ आयोजनाका निर्देशक राजु आचार्यले आयोजना सुरु भएदेखि हालसम्मको कुल खर्च रु. २३ अर्ब ७७ करोड २९ लाख पुगेको जानकारी दिनुभयो । उहाँका अनुसार यो कुल गुरुयोजनाको तुलनामा ४४ दशमलव ९५ प्रतिशत वित्तीय र ४६ प्रतिशत भौतिक प्रगति हो ।

चालु आवका लागि स्वीकृत गुरुयोजनाबमोजिम रु. तीन अर्ब ३० करोड ५९ लाख बजेट प्रस्ताव गरिएको जनाउँदै आचार्यले आयोजनालाई रु. एक अर्ब ५७ करोड मात्र बजेट प्राप्त भएको उल्लेख गर्नुभयो ।

राप्तीसोनारी गाउँपालिका-२ अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी सञ्चालन गरिएको आयोजनाले जिल्लाको ४२ हजार ७६६ हेक्टर जमिनमा सिँचाइ पुऱ्याउने लक्ष्य लिएकोमा आव २०८२/८३ को चैत मसान्तसम्म २४ हजार हेक्टर जमिनमा प्रत्यक्ष सिँचाइ सुविधा पुगेको आयोजना निर्देशक आचार्यले जानकारी दिनुभयो ।

आयोजनाका सूचना अधिकारी एवं सिनियर डिभिजनल इनिजनियर मनोजकुमार साहका अनुसार बहुवर्षीय आयोजनाका रूपमा सञ्चालन भएको यो आयोजनाअन्तर्गत सुरुको गुरुयोजना आव २०७०/७१ को अन्त्यमा सम्पन्न गर्नेगरी रु. १२ अर्ब ८० करोडमा विसं २०६४ मङ्सिर ३ गते स्वीकृति भएको थियो ।

उक्त गुरु योजनाअन्तर्गत तीन चरणमा आयोजना सम्पन्न गर्ने कल्पना गरिएकोमा पहिलो र दोस्रो चरणसम्मका कार्यका लागि रु. १२ अर्ब ८० करोडको अनुमान गरिएको उहाँले जानकारी दिनुभयो ।

तेस्रो चरणको लागत समावेश नभएको अवस्थामा राप्ती नदीको पूर्वतर्फको नौ हजार हेक्टरमा सुविधा पुग्नेगरी पूर्वी मूलनहर निर्माण गर्ने तथा अन्य आवश्यक संरचना समावेश गरी निर्माण गर्ने योजनासहित आव २०७६/७७ सम्म सम्पन्न गर्नेगरी रु. २५ अर्ब दुई करोडको संशोधित गुरुयोजना आव २०७१/७२ मा स्वीकृत भएको विवरण कार्यालयमा रहेको उहाँले जानकारी दिनुभयो ।

आव २०७६/७७ मा सम्पूर्ण कार्य सम्पन्न गर्ने लक्ष्यसहितको स्वीकृत पछिल्लो खरिद गुरुयोजनाअनुसारको लक्ष्य हासिल नभएको अवस्थामा सोही लागतभित्र रही अध्यावधिक खरिद गुरुयोजनाको म्याद थपको प्रस्ताव पुन:पेस गर्ने निर्देशन/निर्णय भएको थियो ।

सोहीअनुसार आव २०७८/७९ को असार मसान्तमा आयोजनाबाट भइरहेका कार्यको प्रगति र भविश्यमा गर्नुपर्ने बाँकी कार्यको विवरणसहित विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तथा अनुमानित लेखाजोखा गर्दै अद्यावधिक गरिएको संशोधित गुरुयोजनाबमोजिम रु. ५२ दशमलव ६४ अर्ब लागत अनुमानमा आव २०८९/९० सम्पूर्ण काम सम्पन्न गर्नेगरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ बमोजिम उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट विसं २०७९ भदौमा स्वीकृत भएको सूचना अधिकारी साहले जानकारी दिनुभयो ।

सूचना अधिकारी साहका अनुसार आयोजनाबाट बाँकेका १७ हजार परिवारका चार लाख कृषकले फाइदा लिने देखिन्छ । आयोजनाको अनुमानित आन्तरिक प्रतिफल १८ प्रतिशत रहेको जनाउँदै उहाँले बाली सघनता १६८ प्रतिशतबाट २४२ प्रतिशतमा पुऱ्याउने लक्ष्य रहेको बताउनुभयो ।

आयोजनाका इन्जिनियर तनोज दुलालका अनुसार सिक्टा सिँचाइ आयोजनाको अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी सञ्चालन गरिएको उक्त आयोजनाले जिल्लाको ४२ हजार ७६६ हेक्टर जमिनमा सिँचाइको लक्ष्य लिइएको छ । पश्चिमी नहर र पूर्वी नहर गरी दुई मुख्य नहरबाट पानी वितरण गरी शाखा नहरबाट सिँचाइको व्यवस्था गरिएको छ ।

पश्चिमी मूल नहरबाट ३३ हजार ७६६ हेक्टर र पूर्वी नहरबाट नौ हजार हेक्टर जमिनमा सिँचाइ गर्ने लक्ष्य लिइएको छ । नहर संरचनाका लागि अधिग्रहण गर्नुपर्ने ४४० हेक्टरमध्ये हालसम्म १८३ दशमलव २५ हेक्टर जमिन अधिग्रहण गरिएको आयोजनाका इन्जिनियर दुलालले जानकारी दिनुभयो ।

आयोजनाको मेरुदण्ड मानिएको पश्चिमतर्फको ३३ हजार ७६६ हेक्टर सिञ्चित क्षेत्रमध्ये करिब १६ हजार हेक्टरलाई लक्षित गरी डुडुवा शाखा नहर निर्माण भइरहेको इन्जिनियर दुलालले जानकारी दिनुभयो । हालसम्म करिब २५ प्रतिशत प्रगति हासिल भएको छ भने डुडुवा क्यापको निर्माण पूर्ण रूपमा सम्पन्न भइसकेको छ ।

आयोजनाले सिधनीया, प्रसेनीपुर र अकलघरवा शाखा नहरमा ठेक्का सम्झौता गरी निर्माणलाई तीव्रता दिएको छ । गुरुवागाउँ र अकलगरहवाका उपशाखा तथा पूर्वी मूल नहरका बाँकी कामका लागि पूर्व तयारी भइरहेको इन्जिनियर दुलालले जानकारी दिनुभयो ।

# छानबिन आयोगको जेनजी आन्दोलनबारे सम्बन्धित पदाधिकारीसँगको बयानको सार सङ्क्षेप – ३

काठमाडौँ, ५ वैशाख । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनबारे सरोकारवालासँग छानबिन आयोगले लिएको बयानको सार सङ्क्षेप –

**नेपाल प्रहरीका तत्कालीन महानिरीक्षक चन्द्रकुबेर खापुङको बयान –**

नेपाल सरकारले सामाजिक सञ्जाल बन्द गर्नुअघि नेपाल प्रहरीसँग औपचारिक रूपमा सल्लाह गरेन ।

भदौ २३ गते सुरक्षाकर्मीले घेरा तोड्दै प्रदर्शनकारी संसद् परिसरभित्र प्रवेश गरेको जानकारी पाएपछि स्थानीय प्रशासन ऐनअनुसार संयमतापूर्वक प्रहरी परिचालन गर्न निर्देशन दिएको हुँ । मेरो विश्वासमा कर्फ्यु आदेशपछि मात्र गोली चलेको हो । जेनजी युवाहरूको शान्तिपूर्ण प्रदर्शन कसरी हिंसात्मक स्तरमा पुग्यो, कुन तत्त्वहरूको घुसपैठ वा कुन कारकले आक्रोश बढ्यो भन्ने विषय गहन अनुसन्धानबाट मात्र स्पष्ट हुनसक्छ ।

नेपाली सेनाको परिचालनबारे नीति विधि स्पष्ट जानकारी नभएकोले धारणा राख्नु उपयुक्त ठान्दिनँ । म सेवा निवृत्त हुँदासम्म १२ जनाको सनाखत बाँकी थियो ।

**तत्कालीन उपत्यका प्रहरी कार्यालय प्रमुख दानबहादुर कार्कीको बयान –**

भदौ २३ गते नेपाल प्रहरी प्रधानकार्यालयको मानव स्रोत विकास विभागमा कार्यरत थिएँ । काठमाडौँ उपत्यका प्रहरी कार्यालयको नेतृत्व भदौ १८ गतेदेखि नै रिक्त रहेको अवस्थामा प्रहरी अतिरिक्त महानिरीक्षकहरूमध्ये कोहीले अनिच्छा र कोही बिरामी भएको बहालवाली गरेर दायित्वविमुख भएपछि मुलुकको संवेदनशील परिस्थितिमा राष्ट्रसेवकले आफ्नो भूमिका नि:स्वार्थ ढङ्गले निर्वाह गर्नुपर्छ भन्ने आत्मसात गरी २०८२ भदौ २४ गते बिहान करिब ९ बजेको समयमा म उपत्यका प्रहरी कार्यालयको प्रमुखको रूपमा मौखिक आदेशअनुसार जिम्मेवारी सम्हाल्न पुगेको हुँ ।

प्रहरी कार्यालयहरूमा एकैसाथ आक्रमण हुँदा ठुलो मात्रामा हातहतियार, गोलीगट्ठा र सम्पत्ति लुटिन पुग्यो ।

नेपाल प्रहरी सङ्गठनको हाल प्रमुखको हैसियतले म बाँकी रहेका हातहतियार, फरार कैदी र दोषीहरूमाथि कानुनी कारबाही गरी नागरिकमा पैदा भएको भ्रम र असुरक्षा अन्त्य गर्न पूर्ण प्रतिबद्ध छु । किनकि, हाल प्रहरी महानिरीक्षकमा नियुक्ति भई सेवारत छन् ।

**प्रहरी अतिरिक्त महानिरीक्षक सिद्धिविक्रम शाहको बयान (तत्कालीन कार्य विभाग प्रमुख) –**


भदौ २३ गतेको प्रदर्शनको सूचना केही दिनअगाडि नै टिकटक, फेसबुक, रिल्स तथा डिस्कर्डजस्ता सञ्जालमार्फत तीव्र रूपमा फैलिन थालेको देखेपछि मैले तत्कालीन प्रहरी महानिरीक्षकलाई समयमै जानकारी गराई पूर्वतयारीबारे छलफल गरेको थिएँ । प्रारम्भिक सुरक्षा तयारी अपेक्षित स्तरमा सुदृढ हुन सकेन भन्ने मेरो बुझाइ रह्यो ।

संसद्‌को एक नम्बर गेटमा आगजनी, प्रहरीमाथि ढुङ्गा प्रहार, कम्पाउन्ड वाल फुटाएर परिसर प्रवेश गर्न प्रयास भएपछि गोली चलेको रिपोर्ट प्राप्त भएको थियो । ढुङ्गा, लाठी, खुकुरी, रड र अन्य सामग्रीसहितका उग्र प्रदर्शनबारे अगाडि र निहत्था सर्वसाधारणको निहित भीड पछाडि रहेको अनुमान थियो ।

भदौ २४ गते प्रहरी प्रधानकार्यालय नै तोडफोडको लक्ष्य बन्न थालेपछि म अग्रपङ्क्तिमा उभिएर कार्यालयभित्र रहेका प्रहरीको मनोबल उच्च राख्ने र कार्यालय जोगाउन निर्देशन दिन सक्रिय रहेँ ।

घुसपैठको सूचनालाई गम्भीरतापूर्वक नलिनु र सुरक्षा तयारी अपर्याप्त रहनु नै भदौ २३ गतेको घटनाको मुख्य कारण हो ।

**व्यङ्ग्यचित्र कुनो**





**रातो मच्छिन्द्रनाथ रथ निर्माण गरिँदै**

ललितपुरको पुल्चोकमा ऐतिहासिक रातो मच्छिन्द्रनाथ जात्राका लागि रथ निर्माण गरिँदै । *तस्बिरः प्रदीपराज वन्त/रासस*

# आठ रात नौ दिन मनाइने बिस्केट जात्रा सम्पन्न

भक्तपुर, ५ वैशाख । भक्तपुरमा आठ रात नौ दिनसम्म भव्य रूपमा मनाइने प्रसिद्ध बिस्केट जात्रा शनिबारदेखि सम्पन्न हुँदैछ । गत चैत २७ गते तौमढीबाट भैरवको रथ तानेर सुरु भएको यो जात्रा शनिबार सम्पन्न हुनेछ ।

जात्राअन्तर्गत शनिबार अन्तिम दिन दिउँसो ४:०० बजे ग:हिटीबाट भैरवको रथ तानेर जात्रा सम्पन्न गर्ने गुठी कार्यालय भक्तपुरका प्रमुख आनन्द कर्माचार्यले जानकारी दिनुभयो । शनिबार अपराह्नसम्म सबै पूजा सम्पन्न हुने गरी सुरु गरिने जनाउँदै उहाँले ४:०० बजेदेखि भैरवको रथ तानेर जात्रा सम्पन्न हुने बताउनुभयो ।

शनिबारसम्म जात्रा शान्तिपूर्ण रूपमा सञ्चालन भएको बताउँदै प्रमुख कर्माचार्यले शनिबार रथ तान्ने क्रममा कुनै अप्रिय घटना नभए यस वर्षको जात्रा शान्तिपूर्ण हुने उल्लेख गर्नुभयो ।

**शनिबार लागि दुई हजार सुरक्षाकर्मी परिचालन**

रथ तान्ने क्रममा रथलाई तौमढीबाट माथि र तल लैजाने क्रममा झडप वा विवाद हुनसक्ने भएकाले यसलाई रोक्न जिल्ला प्रशासन कार्यालय भक्तपुरले शनिबार दुई हजार सुरक्षाकर्मी परिचालन गरेको छ ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी भक्तपुरका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बिस्केट जात्रामा हुलदङ्गा हुन नदिन र शान्तिपूर्ण रूपमा जात्रा सम्पन्न गराउन सुरक्षा व्यवस्था कडा गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "रथ दिउँसो ४:०० बजे तान्ने कार्यक्रम छ । जात्रामा सिसी क्यामराबाट प्रहरीले अनुगमन गरिरहेको हुन्छ । जात्रामा खटिएका सादा पोसाकमा सुरक्षाकर्मीले पनि मोबाइलबाट तस्बिर र श्रव्यदृश्यबाट अनुगमन गरिरहेको हुन्छ । स्थानीयको जात्रा भएकाले जात्रामा अवरोध नगर्ने गरी सुरक्षाकर्मी पछाडि बस्छ, हुलदङ्गा भयो भने र आवश्यकता हेरेर मात्रै सुरक्षाकर्मी अगाडि जाने व्यवस्था गरेका छौँ ।"

जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले सुरक्षाका लागि जात्रामा शनिबार दुई हजार सुरक्षाकर्मी परिचालन गरिएको जानकारी दिनुभयो । उहाँले जात्रा शान्तिपूर्ण रूपमा सम्पन्न गर्न आह्वान गर्दै झडप भए मात्रै प्रहरी जात्रास्थल पुग्ने बताउनुभयो ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान, नेपाली सेनासहितको सुरक्षा टोली खटाइएको जानकारी दिँदै उहाँले जात्रा भड्काउन खोज्ने, ढुङ्गा हान्ने र हुलदङ्गा गर्न खोज्नेलाई पक्राउ गरी कडा कारबाही गरिने उहाँले बताउनुभयो । जात्राका लागि काठमाडौँबाट समेत थप प्रहरीको मद्दत ल्याएको बताउँदै सादा पोसाकमा सुरक्षाकर्मी जात्राका लागि खटिएको उहाँले उल्लेख गर्नुभयो । ***रासस***

# मनसुन पूर्वको वर्षाले घटायो वन डढेलो

**- प्रगति ढकाल**

काठमाडौँ, ५ वैशाख । हरेक वर्षको चैत महिना वन डढेलोको उच्च जोखिममा रहने गर्छ । तर, गत चैतमा भने डढेलोको घटना थोरै मात्र घट्यो । मनसुन पूर्वनै औसतभन्दा बढी वर्षा भएकाले अघिल्लो वर्षको सोही अवधिको तुलनामा गत चैतमा डढेलोका घटनामा गिरावट आएको हो ।

वन तथा भू-संरक्षण विभागले उपलब्ध गराएको तथ्याङ्कअनुसार २०७८ चैतमा ४६६ वटा डढेलोका घटना दर्ता भएका थिए । यो सङ्ख्या २०७९ चैतमा घटेर २६७ मा झरेको थियो । २०८० चैतमा २४९ र २०८१ चैतमा पुनः बढेर ३३१ पुगेको थियो । २०८२ चैतमा भने हालसम्मकै थोरै ७९ वटा मात्रै डढेलाका घटना दर्ता भएका छन् ।

समग्रमा २०७८ मा दुई हजार १६२ वटा डढेलोका घटना भएकामा २०७९ मा एक हजार २७० मा झरेको थियो । २०८० मा दुई हजार ५५ र २०८१ मा तीन हजार ४७ पुगेको थियो । २०८२ मा भने ४२४ वटा घटना दर्ता भएका छन् ।

वन तथा वातावरण मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्माले यस वर्ष मनसुन सुरु हुनुअघि नै वर्षा भएका कारण वन डढेलोमा कमी आएको बताउनुभयो । उहाँले भन्नुभयो, "यस वर्ष वन डढेलोको ठुलो समस्या भएन । तर, वन डढेलो कसरी व्यवस्थापन गर्न सकिन्छ भनेर बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकमा पनि छलफल भएको थियो । वन डढेलो नियन्त्रणका लागि ड्रोन खरिदलगायतका कुराहरू पनि उठेका थिए । बैठकमा मनसुनजन्य विपद्को रोकथाम र प्रतिकार्यका लागि आवश्यक स्रोत सम्बन्धित मन्त्रालयको विनियोजित बजेटबाट व्यवस्थापन गर्ने तथा अपुग हुने स्रोत अर्थ मन्त्रालयसँग माग गर्ने निर्णयसमेत भएको छ ।"

महिनागत विश्लेषणले वैशाखमा सबैभन्दा धेरै डढेलो हुने गरेको छ । विक्रम संवत् २०७८ मा एक हजार २०४, विसं २०७९ मा ६०९, विसं २०८० मा एक हजार २७० र विसं २०८१ मा एक हजार ९०४ वटा घटना वैशाखमै भएका थिए । विसं २०८२ को वैशाखमा भने डढेलोको सङ्ख्या घटेर १७३ मात्र छ । जेठमा पनि उल्लेख्य सङ्ख्यामा डढेलो हुने गरेको तथ्याङ्कले देखाउँछ ।

वन तथा भू-संरक्षण विभागले सार्वजनिक गरेको वन डढेलोसम्बन्धी प्रतिवेदनले पछिल्लो समय डढेलोको जोखिम बढेसँगै वातावरणीय चुनौतीका रूपमा देखिएको छ । प्रतिवेदनअनुसार कुल घटनामध्ये करिब ८९ प्रतिशत डढेलो फागुनदेखि वैशाखसम्ममा हुने गर्छन् ।

दीर्घकालीन तथ्याङ्कले विसं २०७३ लाई सबैभन्दा गम्भीर डढेलो वर्षका रूपमा देखाएको छ । पछिल्ला वर्षहरूमा पनि डढेलोको जोखिम उच्च छ । विशेषगरी २०७८ र २०८१ मा उल्लेख्य सङ्ख्यामा डढेलोका घटना अभिलेख भएका छन् ।

विभागका महानिर्देशक धिरेन्द्रकुमार प्रधानले जलवायु परिवर्तनका कारण बढ्दो तापक्रम, लामो सुक्खा अवधि तथा मानवीय कारणले वन डढेलोका घटना बढ्ने बताउनुभयो । "लामो हिउँदे सुक्खा अवधि, न्यून आर्द्रता, उच्च तापक्रम, हावाको तीव्रता, कृषि अवशेष जलाउने प्रचलन तथा वन क्षेत्रमा मानव गतिविधि वृद्धि हुने कारण वन डढेलोको जोखिम बढी हुन्छ," उहाँले भन्नुभयो ।

विशेषगरी वैशाख सबैभन्दा जोखिमयुक्त महिनाका रूपमा देखिएको छ, जसमा मात्र कुल घटनाको करिब ५७.७ प्रतिशत डढेलो हुने गरेको छ ।

**यस्तो छ प्रदेशगत वन डढेलो**

प्रदेशगत रूपमा हेर्दा डढेलोबाट पछिल्ला वर्षमा लुम्बिनी प्रदेश सबैभन्दा बढी प्रभावित छ । विसं २०७८ मा ४८२ वटा डढेलो भएको लुम्बिनीमा २०८१ सम्म यो सङ्ख्या बढेर ६९८ पुगेको थियो । २०८२ मा भने यो सङ्ख्या घटेर ४४ मा झरेको छ ।

कर्णाली प्रदेशमा पनि २०७८ मा ३१४ बाट २०८१ मा ५७५ पुगेको थियो । तर, २०८२ मा भने ५७ वटा वन डढेलोका घटना दर्ता भएका छन् ।

त्यसैगरी, सुदूरपश्चिम प्रदेशमा २०७८ मा ३८९ र २०८१ मा ५२५ वटा डढेलोका घटना भएकामा २०८२ मा भने १३१ वटा घटना दर्ता भएका छन् ।

वाग्मती प्रदेशमा २०७८ मा ३०३ बाट २०८१ मा ४७५ पुगेको थियो भने २०८२ मा यो सङ्ख्या घटेर ७६ पुगेको छ ।

गण्डकी प्रदेशमा २०८१ मा २४९ वन डढेलोका घटना भएकामा २०८२ मा घटेर ३५ वटा दर्ता भएका छन् । यसैगरी, कोसी प्रदेशमा २०८१ मा २८७ वन डढेलोका घटना भएकामा २०८२ मा घटेर ३१ पुगेको छ ।

अघिल्लो वर्ष मधेस प्रदेशमा २३८ वन डढेलोका घटना भएकामा २०८२ मा घटेर ५० मा झरेको छ ।

तथ्याङ्कले २०८२ मा सबैभन्दा बढी सुदूरपश्चिममा र सबैभन्दा कम कोसी प्रदेशमा डढेलो भएको देखाउँछ । वन तथा भू-संरक्षण विभागको तथ्याङ्कमा विशेषगरी विसं २०७३, २०७८ र २०८१ मा अत्यधिक डढेलो घटना अभिलेख भएका छन् ।

गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतले आर्थिक वर्ष २०७७/७८ देखि आर्थिक वर्ष २०८१/८२ सम्मको पाँच वर्षमा वन डढेलोका कारण करिब ९१ करोड ७९ लाख रूपैयाँ आर्थिक क्षति भएको जानकारी दिनुभयो ।

**मनसुन पूर्व नै सरदरभन्दा बढी वर्षा**

मनसुन सुरु हुनुपूर्व नै औसतभन्दा बढी वर्षा हुँदा सुक्खापन घटेको र वन डढेलोजस्ता प्राकृतिक विपद्का घटना कम भएको मौसमविद्को भनाइ छ ।

जल तथा मौसम विज्ञान विभागका मौसमविद् डिविड ढकालका अनुसार शुक्रबारसम्म प्रि-मनसुन अवधिमा सरदरभन्दा बढी वर्षा 'रेकर्ड' भएको छ । "यस अवधिमा सामान्यतया करिब ३० प्रतिशत वर्षा हुने गरे पनि यस वर्ष ४४ दशमलव ३ प्रतिशत वर्षा भइसकेको छ," उहाँले भन्नुभयो ।

उहाँका अनुसार विभागअन्तर्गत रहेका २० वटा मौसमी स्टेसनमध्ये जुम्लामा सरदर वर्षा भएको छ भने अन्य अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा मापन गरिएको छ । ढकालले हालसम्म कुल १०१ दशमलव ४ मिलिमिटर वर्षा भइसकेको जानकारी दिँदै यसले सुक्खा अवस्था कम गर्न र वन डढेलोको जोखिम घटाउन सहयोग पुगेको उल्लेख गर्नुभयो ।

वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८२ अनुसार वन क्षेत्रको विस्तारसँगै उचित व्यवस्थापन र सदुपयोगको अभावमा वनमा आगलागीको जोखिम पनि बढेको छ । विगतका घटनाहरूका आधारमा अधिकांश वन डढेलो मानिसले लगाएको देखिन्छ ।

वन डढेलो लाग्ने कारणहरूमा चरिचरनका लागि आगो लगाउने प्रवृत्ति (३० प्रतिशत), चुरोट पिउनेहरूबाट (१५ प्रतिशत), सिकारीहरूबाट (सात प्रतिशत), वनभोज, क्याम्प फायर आदिबाट (सात प्रतिशत), बच्चाहरू खेल्दा (छ प्रतिशत), अवैध काठ कटान गर्नेहरूबाट (पाँच प्रतिशत), अतिक्रमणकारीहरूबाट (पाँच प्रतिशत), खोरिया फँडानीबाट (पाँच प्रतिशत), अज्ञात कारणबाट (चार प्रतिशत), गोल पोल्नेबाट (चार प्रतिशत), जडीबुटी सङ्कलकहरूबाट (तीन प्रतिशत), राँको बाल्ने कारणले (तीन प्रतिशत) तथा खेतीपातीका लागि (एक प्रतिशत) रहेको कार्ययोजनामा उल्लेख छ ।

समग्रमा मानिसहरूको जानाजानीबाट ६४ प्रतिशत, लापरबाहीबाट ३२ प्रतिशत र अज्ञात कारणबाट चार प्रतिशत वन डढेलो लाग्ने गरेको तथ्याङ्क छ । ***रासस***

# वाग्मती प्रदेश सरकारद्वारा २७ अर्ब ९३ करोड राजस्व सङ्कलन

वाग्मती, ५ वैशाख । वाग्मती प्रदेश सरकारले चालु आर्थिक वर्षको नौ महिना वार्षिक लक्ष्यको ४१ दशमलव ४० प्रतिशत अर्थात् २७ अर्ब ९३ करोड ३० लाख दुई हजार रूपैयाँ राजस्व सङ्कलन गरेको छ ।

घरजग्गा रजिष्ट्रेसन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व सङ्कलनको मुख्य आयस्रोत मानिन्छ । दुवै शीर्षकसहित बाँडफाँड आव २०८२र८३ को साउनदेखि चैत महिनासम्ममा ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार रूपैयाँ राजस्व सङ्कलन हुने अनुमान गरिएकामा लक्ष्यको ५५ दशमलव ०७ प्रतिशत अर्थात् १७ अर्ब एक करोड दुई लाख ६३ हजार रूपैयाँ राजस्व सङ्कलन भएको वाग्मती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत इन्द्रराज सञ्ज्यालले जानकारी दिनुभयो ।

उहाँका अनुसार चालु आव २०८२र८३ मा घरजग्गा रजिष्ट्रेसन शीर्षकबाट सात अर्ब ७० करोड रूपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा नौ महिनामा तीन अर्ब ५२ करोड ६२ लाख ५३ हजार रूपैयाँ राजस्व सङ्कलन भएको छ ।

त्यसैगरी, प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथ नवीकरणअन्तर्गत सवारी कर शीर्षकबाट आव २०८२ र ८३ मा आठ अर्ब २५ करोड रूपैयाँ अनुमान गरिएकामा पाँच अर्ब छ करोड ५२ लाख ६२ हजार रूपैयाँ राजस्व सङ्कलन गरेको छ ।

प्रदेश सरकारले बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत आठ अर्ब ७९ करोड ८६ लाख ६७ हजार रूपैयाँ प्राप्त हुने अनुमान गरिएकामा सो अवधिसम्ममा पाँच अर्ब ६९ करोड छ लाख ७२ हजार रूपैयाँ सङ्कलन भएको छ । अन्तः शुल्क करबापत चार अर्ब तीन करोड ७९ लाख नौ हजार रूपैयाँ प्राप्त हुने अनुमान गरिएकामा एक अर्ब ९९ करोड १५ लाख ५६ हजार रूपैयाँ प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी, सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत १४ अर्ब ८१ करोड ९३ लाख रूपैयाँ प्राप्त हुने अनुमान गरिएकामा नौ महिनामा त्यसको ५३ दशमलव ६० प्रतिशत अर्थात् सात अर्ब ९४ करोड २७ लाख ५६ हजार रूपैयाँ प्राप्त भएको अधिकृत सञ्ज्यालले बताउनुभयो ।

चालु आवमा प्रदेश सरकारको आन्तरिक स्रोतबाट सङ्कलित राजस्वबाट चार अर्ब ७७ करोड ७४ लाख २५ हजार रूपैयाँ प्राप्त हुने अनुमान गरिएकामा नौ महिनामा लक्ष्यको ५९ दशमलव ८३ प्रतिशत अर्थात् दुई अर्ब ८५ करोड ८१ लाख ५६ हजार रूपैयाँ प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व सङ्कलन गर्ने विभिन्न निकायमा पुगेको क्षतिलगायतका कारण अपेक्षाकृत राजस्व सङ्कलन हुन नसकेको जनाइएको छ । ***रासस***

# शनिबार विश्व सम्पदा दिवस मनाइयो

काठमाडौँ, ५ वैशाख । सम्पदाको संरक्षणका लागि जनचेतना फैलाउने उद्देश्यले शनिबार विश्व सम्पदा दिवस मनाइयो । संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संस्था (युनेस्को) अन्तर्गत रहेका विश्व सम्पदा क्षेत्रको संरक्षण गर्ने उद्देश्यले सन् १९८३ देखि अप्रिल १८ तारिखका दिन यो दिवस मनाउन थालिएको हो । विश्व सम्पदा क्षेत्रमा हाल नेपालका काठमाडौँ (वसन्तपुर, पाटन र भक्तपुर दरबार क्षेत्र, चाँगुनारायण, पशुपतिनाथ, बौद्ध, स्वयम्भू), लुम्बिनी तथा चितवन र सगरमाथा राष्ट्रिय निकुञ्ज सूचीकृत रहेका छन् । यस अवसरमा शनिबार बिहान राजधानीमा सम्पदा पदयात्रा गर्न लागिएको वाग्मती प्रदेश सरकार अन्तर्गत संस्कृति र पर्यटन मन्त्रालय मातहतको पर्यटन कार्यालयले गहना पोखरीबाट भाटभटेनी मन्दिरसम्म पदयात्रा गर्ने कार्यालय प्रमुख पवनकुमार पोखरेलले राससलाई जानकारी दिनुभयो । पदयात्रापछि हाँडीगाउँ क्षेत्रको सांस्कृतिक महत्त्वका बारेमा अन्तरक्रिया कार्यक्रम पनि गरिने जानकारी उहाँले दिनुभयो । कार्यक्रममा वाग्मती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठको सहभागिता रहने जनाइएको छ । ***रासस***

## सङ्क्षिप्त समाचार

# चिकित्सकलाई सामाजिक सञ्जालमार्फत औषधि सिफारिस नगर्न निर्देशन

काठमाडौँ, ५ वैशाख । नेपाल मेडिकल काउन्सिलले चिकित्सकलाई सामाजिक सञ्जालमार्फत परीक्षणबिना औषधि सिफारिस नगर्न निर्देशन दिएको छ । काउन्सिलका रजिष्ट्रार डा. शतिशकुमार देवले टिकटक, इन्स्टाग्राम तथा फेसबुकजस्ता सामाजिक सञ्जालमार्फत परीक्षण बिना औषधि सिफारिस गर्ने कार्य तुरुन्त बन्द गर्न निर्देशन दिनुभएको हो ।

काउन्सिलले चिकित्सकलाई 'अनलाइन परामर्श' का नाममा सामाजिक सञ्जालबाट स्वास्थ्यसम्बन्धी श्रव्यदृश्य सामग्री प्रसारण नगर्न आग्रह गरेको छ । काउन्सिलका रजिष्ट्रार डा. देवले चिकित्सकहरूले बिरामीसँग सम्बन्धित श्रव्यदृश्य सामग्री सार्वजनिक गर्ने, विभिन्न उपचारका लागि औषधि प्रयोग गर्न सुझाव दिने, औषधि सिफारिस गर्नेजस्ता कार्य सामाजिक सञ्जालबाट नगर्न आग्रह गर्नुभएको हो ।

सामाजिक सञ्जालमा चिकित्सकले गैरजिम्मेवार र अवैज्ञानिक सूचना तथा सल्लाहले सर्वसाधारणलाई भ्रममा पार्नाको साथै गलत औषधि प्रयोगका कारण स्वास्थ्यमा गम्भीर क्षति पुग्ने सम्भावना उच्च हुने भएकाले चिकित्सकलाई त्यस्तो कार्य नगर्न काउन्सिलले अनुरोध गरेको हो ।

रजिष्ट्रार डा. देवले स्वास्थ्य सेवा अत्यन्त संवेदनशील क्षेत्र भएकाले बिरामीको उचित परीक्षण आवश्यक जाँच र चिकित्सकको प्रत्यक्ष मूल्याङ्कन बिनाऔषधि सेवन गर्न सुझाव दिनु र त्यस्तो सल्लाहले बिरामीको स्वास्थ्यमा गम्भीर जोखिम उत्पन्न हुन सक्ने, अनावश्यक जटिलता बढ्न सक्ने तथा दीर्घकालीन हानि पुग्न सक्ने बताउनुभयो ।

काउन्सिलले बिरामीलाई सामाजिक सञ्जालमा देखिएका अप्रमाणित सल्लाहको आधारमा औषधि प्रयोग नगरी योग्य तथा दर्ता प्राप्त चिकित्सकसँगको मात्र परामर्शमा औषधि लिन अनुरोध गरेको छ । काउन्सिलले बिरामीसँग सम्बन्धित श्रव्यदृश्य सामग्री सार्वजनिक नगर्न र गर्नुपर्ने अवस्था भएका बिरामीको अनुहार र पहिचान नखुलाउन आग्रह गरेको छ । ***रासस***

# विद्यालय शुल्क निर्धारणसहितको विवरण पेस गर्न निर्देशन

जनकपुरधाम, ५ वैशाख । जनकपुरधाम उपमहानगरपालिकाले पालिकाभित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयलाई शुल्क निर्धारणसहित अन्य सम्पूर्ण विवरण अनिवार्य रूपमा पेस गर्न लिखित सूचना जारी गरेको छ ।

जनकपुरधाम उपमहानगरपालिकाको शिक्षा तथा खेलकुद विकास शाखाद्वारा शनिबार जारी सूचनामा उपमहानगरभित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयलाई शैक्षिक तथा प्रशासनिक तथा शैक्षिकसत्र २०८३ का लागि लागू गरिने सम्पूर्ण शुल्क विवरणसहित आवश्यक कागजात सात दिनभित्र पेस गर्न निर्देशन जारी गरेको हो ।

सो पालिकाको नगर शिक्षा समितिको गत चैत ३० गते बसेको बैठकले गरेको निर्णयअनुसार सो निर्देशन गरिएको विज्ञप्तिमा जनाइएको छ । विद्यालय वर्गीकरण गर्दा संस्थागत विद्यालय मापदण्ड निर्देशिका, २०६१ तथा विद्यालय वर्गीकरण एवम् शुल्क निर्धारण कार्यविधि, २०८१ अनुसार कुन वर्गमा विद्यालय पर्छ भन्ने स्पष्ट आधार खुलाउनुपर्ने सूचनामा उल्लेख छ ।

त्यस्तै, कक्षा १ देखि १२ सम्म अध्ययन, अध्यापन गराइने पाठ्यपुस्तक, पाठ्यसामग्री तथा सिकाइ सामग्रीको विस्तृत सूची पनि पब्लिकेसनका नाममा ठेगानासहित बुझाउनुपर्ने शिक्षा तथा खेलकुद विकास शाखाकी प्रमुख अञ्जु पाण्डेले बताउनुभयो ।

सूचनामार्फत विद्यालयमा हुने अनियमितता रोक्न शुल्क व्यवस्थापन र शैक्षिक सामग्रीमा पादर्शिता कायम गर्न सो सूचना जारी भएको उहाँले जानकारी दिनुभयो । सूचना प्रकाशन भएको मितिले सात दिनभित्र विवरण पेस नगर्ने विद्यालयलाई कारबाही गरिने उहाँले बताउनुभयो । ***रासस***

# प्रसूति तथा स्त्रीरोग विशेषज्ञ समाज सम्मेलन : स्त्रीरोगका बारेमा छलफल

काठमाडौँ, ५ वैशाख । नेपाल प्रसूति तथा स्त्रीरोग विशेषज्ञ समाजको १५ औँ सम्मेलन काठमाडौँमा जारी छ । सम्मेलनमा देश तथा विदेशमा ५०० भन्दा बढी प्रसूति तथा स्त्रीरोग विशेषज्ञ सहभागी भएका छन् ।

पूर्वस्वास्थ्यमन्त्री डा. सुधा शर्माले सम्मेलनबाट आएका निष्कर्षले महिलाको स्वास्थ्य उपचार, गुणस्तर नवीनता, दिगोपना तथा अनुसन्धानमा थप योगदान दिने बताउनुभयो ।

समाजका अध्यक्ष प्राडा पदमराज पन्तले सम्मेलनमा सहभागी स्वदेशी तथा विदेशी विशेषज्ञहरूलाई स्वागत गर्दै प्रसूति तथा स्त्रीरोगका बारेमा विभिन्न देशमा गरिएका खोज, अनुसन्धान तथा उपचारसम्बन्धी ज्ञानको दायरालाई फराकिलो पार्ने विश्वास व्यक्त गर्नुभयो ।

समाजका पूर्वअध्यक्ष डा. धनबहादुर रानामगरले सम्मेलनमा प्रसूति रोगसँग सम्बन्धित उपचार पद्धति, यसका बारेमा अध्ययन अनुसन्धानका निष्कर्षहरूलाई साझा गर्ने तथा समस्या पहिचान गरी समाधनका उपाय खोज्ने अवसरका रूपमा लिइएको बताउनुभयो ।

सम्मेलनमा प्रसूति तथा स्त्रीरोगसम्बन्धी २०० जना वैज्ञानिकले कार्यपत्र प्रस्तुत गरिरहनुभएको छ । ***रासस***



**कृषिमा यान्त्रिकीकरण**

सुनसरीको इनरुवा-९ मा आधुनिक कृषियन्त्र (ठुलो हार्भेस्टर) बाट गहुँ काट्दै किसान । कृषिमा यान्त्रिकीकरणले किसानको श्रम, समय तथा लगानीको बचत गराएको छ । *तस्बिर: नवीन गङ्तौला/रासस*

# भ्रष्टाचारजन्य कसुरमा मुद्दा दायरको सङ्ख्या तेब्बरले वृद्धि

**- प्रकाश सिलवाल**

काठमाडौँ, ५ वैशाख । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पछिल्ला पाँच वर्षमा सार्वजनिक पद धारण गरेका राजनीतिक पदाधिकारी, जनप्रतिनिधि र कर्मचारीविरुद्ध उल्लेख्य सङ्ख्यामा भ्रष्टाचारजन्य कसुरमा मुद्दा दायर गरेको छ ।

सो अवधिमा कुल एक लाख ६६ हजार ५२० उजुरी परेकामा एक लाख २१ हजार ९४३ (७३ दशमलव २३ प्रतिशत) फछ्र्यौट भई ७९८ मुद्दा दायर भएका छन् । ती मुद्दामा चार हजार ६६२ जनालाई प्रतिवादी बनाई ३१ अर्ब ५२ करोड २५ लाख पाँच हजार ५७३ रूपैयाँ बिगो दाबी गरिएको छ । यी मुद्दामा विशेष अदालतबाट सरदर ५५ प्रतिशत कसुर स्थापित भएको छ भने कसुर स्थापित नभएकामध्ये ७१९ मुद्दामा अख्तियार दुरूपयोग अनुसन्धान आयोग पुनरावलोकनका लागि सर्वोच्च अदालत गएको छ । पुनरावलोकन गरिएकामध्ये नौ मुद्दामा अख्तियारको माग दाबीअनुसार सर्वोच्च अदालतबाट ठहर भएको आयोगले जनाएको छ ।

आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईसहितका पदाधिकारीले २०७७ माघ २१ गतेदेखि पद बहाली गरेका थिए । आर्थिक वर्ष २०७७/७८ को तुलनामा पछिल्लो आर्थिक वर्षमा उजुरी, फछ्र्यौट र मुद्दा दायरको आँकडा बढ्दो देखिएको छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार आर्थिक वर्ष २०७७/७८ को माघसम्ममा १२ हजार ४९६ उजुरी र ४६ मुद्दा दायरी भई २३० प्रतिवादी रहेकामा चालु आर्थिक वर्षको गत चैत मसान्तसम्म २८ हजार ४१६ उजुरी र १२१ मुद्दा दायर भई ४२९ प्रतिवादी छन् । आर्थिक वर्ष २०७७/७८ मा दायर भएका मुद्दामध्ये ६८ प्रतिशत कसुर स्थापित भएका थिए भने चालु आर्थिक वर्षको चैतसम्ममा ४८ दशमलव ८५ प्रतिशत कसुर स्थापित भएका छन् ।

यसैगरी, आव २०७८/७९ मा २४ हजार ३३१ उजुरी परेकामा ७० दशमलव ५६ प्रतिशत फछ्र्यौट भई १३१ मुद्दा दायर भई ६३९ प्रतिवादी रहेका थिए । आव २०७९/८० मा २८ हजार ६५ उजुरी परेकामा ६६ दशमलव ९८ प्रतिशत फछ्र्यौट भई १६१ मुद्दा दायर भएकामा ७६६ प्रतिवादी कायम गरिएको थियो । यी मुद्दामा ३३ दशमलव ४३ प्रतिशत कसुर स्थापित भएका छन् ।

आर्थिक वर्ष २०८०/८१ मा ३६ हजार १८६ उजुरी परेकामा ७६ दशमलव ५९ प्रतिशत फछ्र्यौट भई २०१ मुद्दामा गरी एक हजार ५४५ प्रतिवादी रहेका थिए । यसमध्ये ६५ दशमलव ६७ प्रतिशत कसुर स्थापित भएको थियो । आव २०८१/८२ मा ३७ हजार २६ उजुरीमध्ये ८० दशमलव २२ प्रतिशत फछ्र्यौट भई १३७ मुद्दामा ७५३ प्रतिवादी कायम भए । यीमध्ये ५२ दशमलव ६७ प्रतिशत कसुर स्थापित भएको थियो ।

संसद्को गत अधिवेशनमा पेस भएको अख्तियारको ३५ औँ वार्षिक प्रतिवेदनमा प्रदेशगत आधारमा हेर्दा वाग्मती प्रदेशमा सङ्घीय निकाय वा पदाधिकारीसम्बन्धी उजुरीको सङ्ख्या बढी देखिएको छ ।

'स्टिङ अपरेसन' का सम्बन्धमा सर्वोच्च अदालतबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अमान्य र बदर हुने गरी २०७८ वैशाख ८ मा फैसला भएका कारण त्यसयता घूस (रिसवत) सम्बन्धी भ्रष्टाचार मुद्दाको सफलता दर केही घट्न गएको आयोगको बुझाइ छ ।

आयोगले प्राप्त उजुरी, आयोगको अनुसन्धान र विद्यमान कानुनी व्यवस्थाअनुसार मुद्दा अघि बढाउने भएकाले विशेष अदालतको फैसलाबारे पुनरावलोकनबाहेक अरू विकल्प आफूहरूसँग नहुने प्रवक्ता न्यौपानेको भनाइ छ ।

नेपालको संविधानको भाग २१ बमोजिम दुरूपयोग अनुसन्धान आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गरी वा गराई त्यस्तो अनुसन्धानबाट कसुरदार देखिएमा त्यस्ता व्यक्तिउपर विशेष अदालतमा मुद्दा दायर गराउँदै आएको छ ।

आयोगले भ्रष्टाचारजन्य कसुरको अनुसन्धान र अभियोजन गर्ने वा गराउने कार्यका अतिरिक्त भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न प्रकारका निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासका रणनीतिहरू तय गरी सदाचार, निष्पक्षता, निडरता, पेसागत विशिष्टता र प्रमाणमा आधारित अनुसन्धान एवं अभियोजनजस्ता मूल्यमान्यताका आधारमा आफ्नो संवैधानिक दायित्व निर्वाह गर्दै आएको प्रवक्ता न्यौपानेले बताउनुभयो ।

### शीर्ष नेता, जनप्रतिनिधि र उच्च कर्मचारीसम्म प्रतिवादी

आयोगले यसबिचमा दायर गरेका मुद्दामा प्रतिवादी बनाइएकामा तत्कालीन प्रधानमन्त्रीदेखि स्थानीय तहका जनप्रतिनिधिसम्म छन् । आयोगका अनुसार २०७७ माघ २१ देखि गत चैत मसान्तसम्ममा यस वर्गमा १०२ प्रतिवादी भएका छन् । प्रतिवादी बनाइएकामा पतञ्जली योगपीठको जग्गा साटफेर प्रकरणमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल, वाइडबडी खरिदमा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनबहादुर शाही, टेरामक्स खरिदमा तत्कालीन सूचना तथा प्रविधिमन्त्री मोहनबहादुर बस्नेत, लिची बगैँचा जग्गाको घूस रिसवतमा तत्कालीन सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र तत्कालीन भूमि व्यवस्था, सहकारी र गरिबी निवारणमन्त्री रंजिता श्रेष्ठविरुद्ध मुद्दा दायर भएको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको अनियमितता मुद्दामा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भीमप्रसाद आचार्य र दीपक चन्द्र अमात्य तथा तत्कालीन अर्थमन्त्री डा. रामशरण महत प्रतिवादी रहनुभएको छ ।

यस्तै, भन्सार छलेर सुन ल्याएको आरोपमा पूर्वसभामुख कृष्णबहादुर महराविरुद्ध आयोगले मुद्दा दायर गरेको छ । यसैगरी, विभिन्न प्रदेशका मन्त्री, सांसद, नगर तथा गाउँपालिकाका प्रमुख र अध्यक्ष तथा उपप्रमुख र उपाध्यक्षविरुद्ध पनि मुद्दा दायर भएको छ ।

यसैगरी, पूर्वमुख्यसचिव डा. वैकुण्ठ अर्यालविरुद्ध अन्तःशुल्क स्टिकरमा मुद्दा दायर भई किनारा लागिसकेको छ भने नेपाल सरकारका तत्कालीन सचिवहरू रामकुमार श्रेष्ठविरुद्ध गैरकानुनी सम्पत्ति आर्जन, शङ्करप्रसाद अधिकारीविरुद्ध वाइडबडी खरिद, सञ्जय शर्माविरुद्ध नेसनल पेमेन्ट गेटवे, छविराज पन्तविरुद्ध पतञ्जली योगपीठ जग्गा साटफेरमा मुद्दा दायर गरिएको छ ।

तत्कालीन सचिवहरू सुशील घिमिरे, सुरेशमान श्रेष्ठ, सुमनप्रसाद शर्मा र भेषराज शर्माविरुद्ध विमानस्थल निर्माणमा लागत बढाइएको विषयमा मुद्दा दायर भएको छ । यस्तै, विभिन्न सहसचिव, महानिर्देशकहरू, प्रदेश सचिव, सञ्चालक समितिका अध्यक्ष, सदस्य तथा विभिन्न कर्मचारीविरुद्ध मुद्दा दायर भएको आयोगले जनाएको छ ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ मा भएको हालको संशोधित व्यवस्थाअनुसार आयोगले भ्रष्टाचारजन्य कसुरको अनुसन्धान गर्ने क्रममा सम्पत्ति शुद्धीकरण कसुरका तत्त्व देखिएमा सोको समेत अनुसन्धान गर्ने व्यवस्था रहेको छ । ***रासस***

# एसईई दिएका विद्यार्थीलाई शैक्षिक परामर्श दिँदै गाउँपालिका

मान्म (कालीकोट), ५ वैशाख । यहाँको महावै गाउँपालिकाले एसइई दिएर बसेका विद्यार्थीलाई शैक्षिक परामर्श दिएको छ ।

उनीहरूको भविष्य मार्गदर्शन गर्ने किसिमको शैक्षिक परामर्श गाउँपालिकाले दिएको हो । एसइई दिएर बसेका विद्यार्थीले आगामी दिनमा कसरी अगाडि बढ्ने, कहाँ–के पढ्ने ? भन्नेबारे परामर्श दिएको गाउँपालिकाले जनाएको छ ।

एसइई दिएका विद्यार्थी, तिनका अभिभावक र शिक्षकलाई साथै राखेर परामर्श दिइएको गााउँपालिका अध्यक्ष खेमबहादुर सिंहले बताउनुभयो । उहाँले भन्नुभयो, “बालबालिकालाई उचित मार्गदर्शन गर्नसके सही बाटो रोज्न सक्छन् । विद्यार्थी, शिक्षक र अभिभावक र सरोकारवालाबिच अनुभव साटासाट महत्त्वपूर्ण भएको छ ।”

बालबालिकाको रुचि, चाहना, भविष्यको लक्ष्य, उचित विकल्पबारे विद्यार्थीसँग छलफल गरिएको मनोविमर्शकर्ता खडानन्द चौलागाईँले बताउनुभयो । ***रासस***

। सम्पादकीय ।

# सम्पदाको संरक्षण र संवर्द्धन गर्न हामी नै सक्षम हुनुपर्छ

विश्वलाई चिनाउने र देशको गौरव बढाउने आधारहरूमध्ये नेपालका कला, संस्कृति र सम्पदा पनि हो । विश्वलाई चिनाउने कुनै पनि सम्पदा विश्वकै साझा सम्पत्ति हो । अत: यहाँका अमूल्य सांस्कृतिक, धार्मिक, ऐतिहासिक र प्राकृतिक सबै सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्न सके नेपाल र नेपालीको मौलिक पहिचानलाई जीवन्तता दिन सकिन्छ । सयौँ र हजारौँ वर्षदेखि निर्मित मूर्त र अमूर्त सम्पदाहरूलाई जीवन्तता दिन नेपाल सरकार र सम्पदा संरक्षण कार्यालय तथा पुरातत्त्व विभागको विशेष ध्यान जानु आवश्यक छ । हालसम्म विश्व सम्पदा सूचीमा सूचिकृत सम्पदाहरूमा काठमाडौँ दरबार क्षेत्र, पाटन दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र, पशुपतिनाथ मन्दिर, स्वयम्भूनाथ, बौद्धनाथ, चाँगुनारायण मन्दिर, लुम्बिनी, चितवन राष्ट्रिय निकुञ्ज र सगरमाथा राष्ट्रिय निकुञ्ज रहेका छन् । यीबाहेक नेपालमा विश्व सम्पदा सूचीमा सूचित गर्न सुहाउँदा अरू सम्पदाहरू पनि छन् । यी सबै सम्पदाको संरक्षण गरेर जीवन्तता दिन सरोकारवाला निकाय दत्तचित्त हुनुपर्छ; स्थानीय तहलाई आवश्यक सहयोग संस्कृति मन्त्रालयले गर्नुपर्छ ।

हरेक मुलुकको आ-आफ्नै सभ्यता, संस्कृति र सम्पदा हुन्छ । त्यही सभ्यता, संस्कृति र सम्पदाले त्यो देशको गरिमा बढाएको हुन्छ । ऐतिहासिक धरोहरको रूपमा रहेका ती नै जीवन्त सम्पदाले नै आर्थिक समृद्धिको आधारशीला बनेको हुन्छ । आन्तरिक तथा बाह्य पर्यटकहरू यस्तै मौलिक सम्पदा हेर्न, बुझ्न सात समुद्रबाट आएका हुन्छन् । सम्पदाको अवलोकन गर्न आउने पर्यटकहरूबाट हुने आम्दानी त्यो ठाउँको विकास र सम्पदा संरक्षणको निम्ति महत्त्वपूर्ण स्रोत बन्छ । भक्तपुर नगरपालिकाले यहाँका विश्व सम्पदा स्थलमात्र होइन वडा वडामा रहेका सम्पदाहरू संरक्षण गर्न सक्नुको एक कारण पर्यटन सेवा शुल्क पनि हो । यो यहाँको महत्त्वपूर्ण आयस्रोत बनेको छ । यहीँ कारण यहाँका साना-ठुला, राष्ट्रिय र अन्तर्राष्ट्रिय ख्याति पाएका सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्न सहयोग मिलेको हो ।

यहाँका पाँचतले मन्दिर, भैरवनाथको मन्दिर, पचपन्न झ्याललगायत सयौँ सम्पदाहरूको संरक्षण र संवर्द्धनमा विदेशी सहयोगको आवश्यकता भएन; विदेशी राष्ट्र तथा दाताको मुख ताक्नु परेको छैन । विदेशीको दान र अनुदानमा संरक्षण हुने सम्पदाले हाम्रो स्वाभिमानलाई उँचो बनाइराख्न सक्दैन । त्यस्तो सम्पदाप्रति हामीले गौरव गर्ने ठाउँ हुँदैन । अत: हाम्रो सम्पदाको संरक्षण र संवर्द्धन गर्न हामी नै सक्षम हुनुपर्छ । सम्पदा संरक्षणको निम्ति आवश्यक काठ सरकारले सस्तोमा उपलब्ध गराउनुपर्छ या करमा भारी छुट दिनुपर्छ । किनकि, सम्पदा त्यो ठाउँको मात्र होइन देशकै साझा सम्पत्ति हो; विश्वकै सम्पत्ति हो । त्यही सम्पदा हेर्न आन्तरिक र बाह्य पर्यटकहरू यहाँ आउँछन् । पर्यटकहरू यहाँ आउनु भनेकै आम्दानी हुनु पनि हो । एकातिर यहाँको सम्पदा स्थल अवलोकन गरेर पर्यटकहरूले विश्वमा चिनाउने काम गर्छन् भने अर्कोतिर आम्दानीको स्रोत पनि बन्छ ।

ऐतिहासिक महत्त्व बोकेको सम्पदाले देश विदेशमा चिनाउने काम मात्र गर्दैन । सम्पदाको आकर्षणले अरू पर्यटकहरू आइरहने माध्यम पनि बन्छ । यसले जाति, समुदाय र राष्ट्रको पहिचान कायम गरेको हुन्छ । सम्पदाभित्र मानिसको संस्कृति, संस्कार, जात्रा, पर्वलाई चिनाउँछ । यसले संस्कार सिकाउँछ । यसैले यी सबै सम्पदा देशका अमूल्य निधि हुन् । देशको सम्पदा राष्ट्रिय गौरव हो; राष्ट्रिय वैभव हो । सम्पदालाई जीवन्तता दिन सके देशको पहिचान अनन्तसम्म कायम रहने छ, कायम राख्नुपर्छ ।

विश्व सम्पदा सूचीमा सूचिकृत स्थलहरू कहिलेकाहीँ खतरामा परेको खबर छापामा आउँछ । लुम्बिनी क्षेत्र र काठमाडौँको सम्पदा स्थल खतराको सूचीमा परेको खबर बेलाबखत नआएको होइन । खतराको सूचीबाट मुक्त हुन सुधार पनि गरिएको पाइन्छ । तर, आधुनिकता र आकर्षक बनाउने नाउँमा आधुनिक शैलीमा निर्माण गर्ने, रंग रोगन गर्ने आदि कामले सम्पदाको संरक्षणमा असर परेको छ । यसबारे विशेषत: संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग र स्थानीय तह सचेत हुनुपर्ने देखिन्छ । प्राचीन स्मारक संरक्षण ऐन २०१३ को प्रावधानअनुसार संरक्षित स्मारक क्षेत्र घोषणा गर्ने या सांस्कृतिक नगर, सांस्कृतिक गाउँ या सांस्कृतिक स्थल घोषणा गरेर जीवन्तता दिनुपर्ने खाँचो छ । विश्व सम्पदा दिवसले यस्तै सन्देश बाँड्न सकोस् र विगतको गौरव र भविष्यको जिम्मेवारीबिचको गहिरो सम्बन्ध कायम भइरहोस् । यसबारे नयाँ पुस्तामा पनि चेत आओस् र सम्पदाले जीवन्तता पाओस् ।

# नयाँ युवाहरू, परिवर्तित स्थिति र परिणाम

● एक शिक्षक

**प्रजातन्त्रको पुन: स्थापनापछि चेलीबेटी बेच्ने वा जीउ म्हास्ने मुद्दामा नेपाली काङ्ग्रेस, एमाले अन्य सरकारमा जाने दलका कार्यकर्तासमेत हुन्छन् किनभने पञ्चायत व्यवस्था ढलेपछि ती व्यक्तिहरूमध्ये कोही नेपाली काङ्ग्रेस, कोही एमाले, कोही एमाओवादी र कोही राप्रपाका नेता भए । नेपाली काङ्ग्रेसको सरकारमा डा. रामशरण महत अर्थमन्त्री हुँदा हरेक निर्वाचन क्षेत्रबाट दुई दुई सय जना युवालाई विदेश पठाउने बजेट प्रस्तुत भएपछि सयौँ सङ्ख्यामा म्यान-पावर कम्पनी सञ्चालन गर्न दिई ७०-८० लाख युवा विदेश पठाई देशको कृषि अर्थतन्त्र, उद्योग र सेवालाई ध्वस्त गरी रेमिट्यान्सको आयातको नाममा ज्यामी निर्यात गरी देशलाई नवउपनिवेशमा बदल्ने काम भयो ।**

विदेशमा जाने युवाहरूको निश्चित उद्देश्य नहुँदा तिनीहरू छिटछिटो आफ्ना विचार र उद्देश्यहरूमा हेरफेर गर्ने गर्छन् । दुई चार वर्ष नगरपालिका, गाउँपालिका, वडाध्यक्षहरू र नयाँ-नयाँ कानुन व्यवसायीहरू आश्चर्य मानेर हाम्रो समाजमा देखिएका नयाँ पुस्ताका सोच-विचार र आचरण साह्रै विवादास्पद हुँदै गएको अनुभव गर्छन् ।

यसबारे औपचारिक र अनौपचारिक बैठक र छलफलहरूमा पनि नयाँ पुस्ताको विवाहसम्बन्धी चिन्तन, नैतिकता र निर्णयहरू २०-३० वर्ष अगाडिको परिवेशसँग मेलको अभाव अनुभव गर्छन् । २०-३० वर्ष अगाडि चीन र भियतनामजस्ता विकासशील देशमा समेत तीव्रत्तर सहरी विकास र गाउँका युवा-युवतीहरूले समेत सहरहरूमा सजिलै रोजगार पाउने भएको हुँदा प्रवेशिका र स्नातक तहसम्म अध्ययन गरेका युवा-युवतीहरू गाउँबाट सहर पुग्ने गरे ।

सहरमा काम पाएर युवाहरूले आफ्नो अध्ययनलाई अगाडि बढाउने अवसर पाए र पदोन्नति एवम् नयाँ पढेलेखेका युवतीहरूसँगको सङ्गत र आकर्षणले गाउँकी आफ्ना कम पढेलेखेकी पत्नीलाई बिर्सी उनलाई सहर गएर पढ्न आफूले कठिन जीवन बिताएर आफ्नो लोग्नेलाई वर्षौँसम्म आर्थिक सहयोग गरेनन् । व्यक्तिले आफूलाई बिर्सेकोमा दु:ख मनाउनु स्वाभाविक हो । आफू द्रुतत्तर सहरी विकास र राम्रो नोकरीको अवसर एवम् समान स्तरकी शिक्षित एवम् दोब्बर-तेब्बर कमाई भएकी नयाँ जीवनसाथी पाएर युवाहरू आफ्नो गाउँ फर्केनन् र सहरी झिलिमिलीमा बिलाए । पुरानो विवाहको कानुनी र नैतिक बन्धनलाई युवाहरूले बिर्से र तिलाञ्जली दिन थाले ।

भियतनामका न्यायाधीश र कानुन व्यवसायीहरूले स्थितिबारे यसरी मूल्याङ्कन गरे - "आजकाल युवाहरू बिहान विवाह दर्ता गर्छन्, दिउँसो झगडा गर्छन्, राति पारपाचुके गर्छन् ।"

नेपालमा पनि गोर्खाभर्ती केन्द्रको परिणाम नेपाली युवाहरू बेलायती, पछि भारतीय र अहिले संरा अमेरिकी अन्य देशका निजी सेनामा समेत भर्ती हुने, खाडी देशमा सस्तो ज्यामी पठाउने प्रवृत्ति एवम् पहिलो र दोस्रो विश्वयुद्ध तथा पश्चिमी देशमा अनेक क्षेत्रीय युद्धमा नेपाली युवाहरू प्रयोग हुँदा नेपालका गाउँ-गाउँमा युवाविहीन भए । एकातिर विदेशी सेनामा नेपाली युवाहरू भर्ती गर्ने प्रवृत्तिले व्यापकता पायो भने ती नै गल्लावालहरू मालिकहरूकै इसारामा गाउँका चेलीबेटीलाई सुरुमा भारतका ठुला-बडाका घरमा पुर्‍याउने गर्थे । पछि कलकत्ता, बम्बई, लखनऊ, कानपुर आदि अनेकौँ सहरका बेश्यालयमा (कान्छी) बेच्ने व्यापारै चलाइयो । युरोपेली दास व्यापारीहरूले अफ्रिकी दासहरूलाई युरोपेली बजार र अमेरिकी बजारमा घरेलु दास र कपास खेती, कारखाना र अन्य निर्माण व्यवसायमा बेचेजस्तै आज पनि म्यानपावर कम्पनीहरू युवाहरूलाई विदेशमा ज्यामीको नाममा अनेक पेसामा पठाउँदै छन् ।

चेलीबेटीको जीउ म्हास्ने आदि ऐन-कानुनबाट अपराधीहरू पक्राउ त हुन्छन् । तर, १०-१२ वर्ष कैद र २-४ लाख दण्ड-जरिवाना हुने अपराधीलाई ३ महिना कैद र केही हजार रूपैँया जरिवाना तिरेर छोड्छन् । ३०-३२ वर्षका युवकले त्यस्ता अपराध त दर्जनभन्दा बढी पटक गरिसकेका हुन्छन् र २५ देखि ५०-६० चेलीबेटीलाई फसाई बेचिसकेका हुन्छन् । मालिकहरू भने गाउँका सामन्त र जिम्मावाल, ठुला-बडा तथा पञ्चायतका मन्त्री एवम् आजका सांसदहरूसमेत हुन्छन् ।

प्रजातन्त्रको पुन: स्थापनापछि चेलीबेटी बेच्ने वा जीउ म्हास्ने मुद्दामा नेपाली काङ्ग्रेस, एमाले अन्य सरकारमा जाने दलका कार्यकर्तासमेत हुन्छन् किनभने पञ्चायत व्यवस्था ढलेपछि ती व्यक्तिहरूमध्ये कोही नेपाली काङ्ग्रेस, कोही एमाले, कोही एमाओवादी र कोही राप्रपाका नेता भए । नेपाली काङ्ग्रेसको सरकारमा डा. रामशरण महत अर्थमन्त्री हुँदा हरेक निर्वाचन क्षेत्रबाट दुई दुई सय जना युवालाई विदेश पठाउने बजेट प्रस्तुत भएपछि सयौँ सङ्ख्यामा म्यान-पावर कम्पनी सञ्चालन गर्न दिई ७०-८० लाख युवा विदेश पठाई देशको कृषि अर्थतन्त्र, उद्योग र सेवालाई ध्वस्त गरी रेमिट्यान्सको आयातको नाममा ज्यामी निर्यात गरी देशलाई नवउपनिवेशमा बदल्ने काम भयो ।

थप विचारणीय विषय हो - अरब देशहरू, मलेसिया, सिङ्गापुर, दक्षिण कोरियाजस्ता देशहरूमा किन नेपाली कामदारहरू पठाउने गरियो ? संयुक्त राज्य अमेरिकी एकाधिकार पुँजीले प्रजातान्त्रिक अधिकारहरू नभएको र मानव अधिकार साह्रै कुण्ठित तथा अन्तर्राष्ट्रिय श्रम-ऐनप्रति आस्था नराख्ने देशहरूमा बहुराष्ट्रिय कम्पनीहरूमार्फत बढी नाफा लिन र अन्तर्राष्ट्रिय प्रतिक्रियावादी एक नयाँ बजारको श्रृङ्खला तयार गरियो । ती राजावादी देशहरूमा गणतन्त्र नेपाल एउटा महत्त्वपूर्ण ज्यामी निर्यातक हिस्सेदार भए । यहाँनेर पनि अमेरिकी दक्षिण पूर्वी एसियासँग हिन्द-प्रशान्त सैन्य सङ्गठन एमसीसी गुप्तरूपले सुरु गरिएको थियो । यसरी नेपाली युवाहरूलाई विदेशमा पठाउने कम्पनी एक नयाँ दास व्यापार मात्र नभई राजनीतिक रूपले अमेरिकी साम्राज्यवादी जाल नेपालमा बिछ्याइएको देखियो । त्यसैबाट देशको राजनीतिक दबुलीमा नयाँ नयाँ भयानक तर सुकिला लुगा लगाएका चरित्रहरूका नाटक मञ्चन भयो ।

पुँजीवादी व्यवस्था पुँजीको सञ्चालनको निम्ति गल्लावालहरूजस्तै ज्यामी जाने म्यानपावर कम्पनी र नेपाली पुँजी बहुराष्ट्रिय कम्पनीहरूसँग आपसमा जोड्ने दलालहरूको श्रृङ्खला भारतदेखि ब्रुनाइ र जापानसम्म विभिन्न किसिमले जोडिएको देखियो ।

यसैको परिणाम हो, नेपालको घरेलु र परराष्ट्र नीति संयुक्त राज्य अमेरिकी नीतिका पिछलग्गू साबित भयो । यसलाई अर्ध-उपनिवेशवादी वा नयाँ औपनिवेशिक चरित्र भनिन्छ । राणाकालमा बेलायती राजदूत होइन 'रेजिडेन्सी' ले श्री ३ सँग तिब्बतको विषयमा बरोबर सोधपुछ गर्थे, 'के तिब्बतमा रुसीहरू आएका हुन् ?' 'के तिनीहरूले हातहतियार बेच्न खोजेका हुन्' आदि ? सुगौली सन्धिपछि नेपालको बेलायती राजदूतावासलाई 'रेसिडेन्सी' अर्थात् 'अधिनष्ठ देशको अधिकारी वा गभर्नर' को रूप हो । भारतीय स्वतन्त्र देश भएपछि बेलायती रेसिडेन्सी बेलायती राजदूतावासमा फेरियो ।

'नयाँ उपनिवेश' को अर्थ हो - उपनिवेशवादी देशले आफै शासन नगरी परराष्ट्र नीति, आर्थिक, सांस्कृतिक र घरेलु नीतिमा प्रभाव पार्ने व्यवस्था नयाँ उपनिवेशवादी बन्दोबस्त हो । अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको छवि यस्तै हो ।

# विदेशी शक्तिसँग नझुकिकन काम गर्नुपर्छ

✍ विद्या

देशमा प्रजातन्त्र र गणतन्त्र आएपछि आजका दिनसम्म देशको नाम राख्ने कोही पनि प्रधानमन्त्री निस्केका छैनन् । प्रधानमन्त्री बालेन्द्र साहको नेतृत्वमा बनेको सरकारले नेपाली जनतालाई गौरवको अनुभव हुने गरी काम गर्छ कि गर्दैन ? त्यो भने हेर्न बाँकी छ । उनी कतै नेपाली लेन्डुप दोर्जे, जेलेन्स्की बन्ने वा बनाउने त होइन भन्ने नेपाली जनताले हेरिरहेका छन् । यसअघिका प्रधानमन्त्री र मन्त्रीहरूले आफूलाई बनाए तर देश र जनतालाई बनाएनन् । छिमेकी मित्रदेश चीनलगायतका देशले जस्तो नेपालले कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, रोजगारी, व्यापार, विज्ञान प्रविधि, कूटनीति आदिमा उल्लेखनीय काम गरेर नेपाली जनताको इज्जत विश्वमा राख्न सकेन । उनीहरूले देशघाती सन्धि सम्झौता मात्र गरे । देशको कुना कन्दराबाट झोला बोकी काठमाडौँ राजधानी छिरेका उनीहरूले भष्टाचार गरी अकुत सम्पत्ति थुपारे समाचार सञ्चारमाध्यममा आयो ।

वर्तमान सरकारलाई एनजीओ तथा आईएनजीओका ज्यामीहरूको झुन्डको रूपमा नेपाली जनताले हेरेका छन् । अमेरिकी सेनाका जर्नेल या सैनिकहरूको बाक्लो आवतजावत भइरहेको छ । उनीहरू एक करोड डलरको लोभमा एमसीसीको बाटो भएर नेपाल आएका हुन् । देशभक्त नेपाली जनताको सशक्त विरोध हुँदा हुँदै उनीहरूले देशघाती सम्झौता पास गरेका थिए । उनीहरूलाई त्यसबेला अमेरिकी, भारतीय मन्त्रीहरूले फोनबाट धम्की दिएको कुरा पनि बाहिर आयो ।

देशको गरिमामयजस्तो उपसभामुख पदमा श्रम संस्कृति पार्टीका सांसद रुविकुमारी ठाकुरलाई ल्याइयो । उनी धनुषाका समानुपातिक सांसद हुन् ।

घण्टी पार्टीका अध्यक्ष रवि लामिछानेले राप्रपालाई उपसभामुख बनाइदिने बचन दिएको कुरा छाडेर रातारात रुविकुमारी यादवलाई किन उपसभामुख बनाइयो भन्ने प्रश्न पनि बजारमा चर्चा चल्यो । श्रम संस्कृति पार्टीका मनोनीत समानुपातिक चार जना सांसदमध्ये उनी धनुषाकी मधेसी मूलकी सांसद हुन् । संसद्मा श्रम संस्कृति पार्टीका अध्यक्ष हर्ष साङपाङ राईले मात्र एमसीसीको विरोधमा बोले । अरु कसैले पनि यस विषयमा बोल्ने आँट गरेनन् । त्यो संसद्मा बहुमत जनताको आवाज राख्ने हर्ष साम्पाङको मुखमा बुजो हाल्न सांसद रुविकुमारी ठाकुरलाई उपसभामुखमा रास्वपाले मत हालेको हो कि !

उपसभामुखमा चुनिएपछि रुविकुमारी ठाकुरले भनेकी थिइन्, मेरो काम भनेको मधेसमा चेलीबेटीका पीडाको रूपमा रहेको दाइजो प्रथाको अन्त्य गर्नु हो । यो प्रथाबाट मधेसका धनी परिवारका चेलीभन्दा पनि गरिब परिवारका चेलीहरू बढी पीडित भएकोमा दुईमत नहोला । मधेसका बहुमत गरिब परिवारका चेलीहरूमा जबसम्म शिक्षा, रोजगारी, स्वास्थ्य आदिमा सहज पहुँच हुँदैन तबसम्म गरिब महिलामाथि धनी महिलावर्गको थिचोमिचो अन्याय समाप्त हुँदैन । यो वर्गसङ्घर्षविना सम्भव छैन ।

सुशीला कार्की विद्यादेवी भण्डारी, ओनसारी घर्तीमगर, चित्रलेखा यादव, इन्दिरा राई, राष्ट्रपति, प्रधानमन्त्री सभामुख, उपसभामुख भइसकेका छन् भने महिलाहरू मन्त्री त कति भए कति । तर, महिलाको कुनै समस्या समाधान भएन । त्यसको एक मात्र समाधानको उपाय भनेको समाजवाद हो । यो व्यवस्थाले मात्र सम्पूर्ण महिलाको सम्मानजनक, हित र सेवा गर्नेछ । समाजवादी देश क्युवा, उत्तर कोरिया, चीन, भियतनाम आदि देशमा जनताको राम्रो गरेको घामजतिकै छर्लङ्ग छ । सरकारले विदेशी शक्तिसँग नझुकिकन देशभक्ति काम गर्छ गर्दैन, त्यो भने हेर्न बाँकी छ ।

# युद्ध र वार्ताजस्तै नाकाबन्दी पनि सफल हुनेछैन

✍ गेरी विल्सन

अमेरिकी प्रतिनिधिमण्डलले अप्रिल १२ गते सम्झौता नगरी इस्लामावाद छोड्यो । लगत्तै उसले तनाव चर्कायो । ट्रम्पले अमेरिकी जलसेनाले इरानी बन्दरगाहहरूमा नाकाबन्दी लगाउने घोषणा गरे । उनले इरान जाने र त्यहाँबाट बाहिरिने जहाजहरू रोक्ने बताए । अमेरिकी केन्द्रीय कमान्डले यो कारबाही अप्रिल १३ गते स्थानीय समयअनुसार बिहान १० बजे सुरु हुने बतायो ।



युद्ध सुरु भएको ६ हप्ता बितिसकेको छ । यसबिच इरानले हर्मुज जल-नाकामा नियन्त्रण जमाइसकेको छ । हर्मुज उसको जलक्षेत्रभित्र पर्छ । निश्चित सर्तसहित इरानले त्यहाँबाट सीमित जहाजलाई मात्र आवागमन गर्न दिएको छ । अमेरिकाले इरानमाथि अवैध रूपमा युद्ध गर्‍यो; बिनाकारण इरानमाथि बमबारी गरेर सर्वसाधारण जनताको हत्या गर्‍यो; सयौँ विद्यालय, अस्पताल र मुख्य उद्योगहरूलाई ध्वस्त पार्‍यो । यसको जवाफमा इरानले हर्मुजमा नियन्त्रण गरेको हो ।

अमेरिकी नाकाबन्दी अर्कै रूपमा युद्धको निरन्तरता हो । बमबारी गरेर र वार्तामा आफ्ना सर्तहरू थोपरेर वासिङटनले इरानलाई झुकाउन सकेन । अब उसले इरानको तेल निर्यातको घाँटी थिच्न खोज्दै छ । हर्मुजले इरानलाई विश्व बजारसँग जोड्दै आएको छ । सेना लगाएर गर्न नसकेको काम अमेरिकाले नाकाबन्दी लगाएर फत्ते गर्न चाहन्छ ।

फेब्रुअरी २८ गते इरानमाथि युद्ध थालेपछि ट्रम्पले लिएको यो तेस्रो ठुलो निर्णय हो । यसको लागि उनले अमेरिकी संसद्को सहमति लिएनन्, सार्वजनिक बहस गरेनन् र बहुमत जनताको राजनीतिक समर्थन लिन खोजेनन् । युद्धबारे लिएका कुनै पनि निर्णयमा ट्रम्पले संसद्को अनुमोदन चाहेनन् । तथापि, युद्ध जारी छ ।

प्रतिपक्षी दल डेमोक्रेटिक पार्टीका नेताहरूले युद्ध अन्त्य गर्न भनेका छैनन् । ट्रम्पले युद्ध जसरी चलाइरहेका छन्, त्यसको मात्र विरोध गर्दै छन् । युद्ध चालु राख्ने कि नराख्ने भन्ने विषयमा केही पनि बोलेका छैनन् ।

अमेरिकाले इरानी बन्दरगाहहरूमा नाकाबन्दी लगाउनुभन्दा अगाडि नै विश्व अर्थतन्त्रमा आर्थिक झट्का लागिसकेको थियो । युद्ध र इरानको नियन्त्रणका कारण हर्मुजमा जहाजको आवागमन बिथोलिएको थियो । कच्चा तेलको मूल्य दुई हप्ताको युद्धविरामका कारण प्रतिब्यारल ९२ डलरमा झरेको थियो । वार्ता बिथोलिएपछि अप्रिल १३ गते तेलको भाउ फेरि १०२ डलर पुगेको छ । अमेरिकाले कारबाही गर्ने घोषणा गरेपछि तेल बोकेका ट्याङ्कहरू फटाफट हर्मुज नाकाबाट लाखापाखा लागेका छन् ।

समस्या अहिले तेल अर्थतन्त्रभन्दा बाहिर पुगिसकेको छ । हिलियम, तरल ग्यास र औद्योगिक कच्चापदार्थमा कमी आइसकेको विश्लेषण छ । रणनीतिक ऊर्जा उत्पादन गर्ने देशमाथि साम्राज्यवादी देशले आक्रमण गर्छ भने त्यो तेल बजारमा मात्र सीमित हुन्न । यस्तो आक्रमण समग्र व्यापार र उत्पादन प्रणालीभरि फैलिन्छ ।

इरानले आफ्नो क्षेत्राधिकारभित्र पर्ने नाकामा प्रतिबन्ध लगाएको हो । तर, वासिङटनले इरानी बन्दरगाहहरूमा नाकाबन्दी लगाएको छ । इरानी तेल विश्व बजारमा पुग्नबाट रोक्न अमेरिका यो हत्कण्डामा उत्रेको हो ।

हर्मुज नाकाको भूगोल कठिन छ । यो नाका करिब २१ माइल फराकिलो छ । अन्तर्राष्ट्रिय नियमअनुसार समुद्री किनारको देशसँग तटबाट १३.८ माइल टाढासम्म भोगाधिकार हुन्छ । यसको अर्थ हर्मुज नाकामा जहाज इरान र ओमनको पानीबाट गुज्रिनुपर्छ । यो साँघुरो नाकामा जहाजमाथि निरन्तर निगरानी गरिन्छ । तटीय सुरक्षाकर्मीले तिनलाई निगरानी गर्छन् । यो अमेरिकाको भोगाधिकारभित्र पर्ने ठाउँ नै होइन ।

ट्याङ्करहरू नाकाबाट पाखा लागिसकेका छन् । तर, अमेरिकाको कागजी निर्णयबाट यी जहाज डराएका होइनन् । १५ भन्दा बढी अमेरिकी जलबेडालाई पछिल्लो कारबाहीमा लगाइएको छ । यी बेडाले विमान र बमवर्षक बोक्न सक्छन् । यीमध्ये एउटा पानी र जमिन दुवैमा चल्न सक्छ । केही बेडामा कारबाही सञ्चालन गर्नको लागि चाहिने उपकरणहरू भरिएका छन् । अरू जहाजलाई रोक्न र तिनको बाटो मोड्नका लागि राखिएको छ ।

व्यवहारमा जहाजलाई रोक्न सजिलो छैन । जहाज चलाइरहेको टोलीले आदेश मान्न अस्वीकार गर्न सक्छ, विपक्षीको प्रवेशलाई रोक्न सक्छ वा नियन्त्रण प्रणाली ठप्प पार्न सक्छ । चेतावनी, प्रवेश वा कब्जाजस्ता जोडबलका कारण प्रत्यक्ष मुठभेडको जोखिम बढ्न सक्छ । तनाव नचर्काइ नाकाबन्दी लगाउन सकिन्न ।

दशकौँसम्म वासिङटनले 'पारवहन स्वतन्त्रता' को पक्षमा बोल्दै आएको छ । व्यवहारमा कसले तेल बेच्ने, कसले किन्ने र जहाज कसरी लैजाने भनी तय गर्न आर्थिक प्रतिबन्ध र सैन्य बल प्रयोग गर्दै आएको छ । अमेरिकाले लगाउने प्रतिबन्धले कुनकुन देश र कम्पनीले तेल किन्ने भनी तय गर्छ । हालै मात्र क्युवामा तेलका जहाज जान नपाउने गरी अमेरिकाले पूर्ण नाकाबन्दी लगायो । यसबाट व्यवहारमा अमेरिकाले कसरी आफ्नो नियन्त्रण लाद्छ भन्ने प्रस्ट हुन्छ । नाकाबन्दीले अमेरिकी नियन्त्रण खुलस्त पार्छ । नाकाबन्दी ऊर्जाको प्रसारमा बलप्रयोगमार्फत नियन्त्रण जमाउने प्रयास हो ।

गएको मार्च महिनामा अमेरिकाको अब्राहम लिङ्कन जलबेडामा मिसाइल आक्रमण भयो । यसपछि यो जलबेडा इरानको तटबाट झन्डै १ किलोमिटर पछि हटेको थियो । यो दूरीबाट उसले इरानमा नाकाबन्दी लगाउन सक्थेन ।

अप्रिल १३ मा इरानको 'इस्लामी क्रान्तिकारी गार्ड कोर' ले अमेरिकी सैन्य जलबेडा हर्मुज नाकातर्फ आएमा त्यसलाई युद्धविरामको उल्लङ्घन मानिने बतायो । त्यो स्थितिमा इरानले बलप्रयोगबाट जवाफ दिने बतायो । तर, साधारण जहाजलाई निश्चित नियमभित्र रहेर आवागमन गर्न दिने पनि उसले बतायो ।

अमेरिका र इरानबिच यही भिन्नता छ । इरान सबै जहाजलाई रोक्ने पक्षमा छैन । उसले आफ्नो भोगाधिकारभित्र पर्ने पानीमा मात्र नियन्त्रण गर्दै छ । त्यो पनि युद्धको आपत्कालीन परिस्थितिमा ।

अप्रिल ७ मा दुईहप्ते युद्धविराम घोषणा भयो । प्राविधिक रूपमा यो युद्धविराम अप्रिल २१ गतेसम्म जारी रहनेछ । थप वार्ताको कुरा छलफलमै छ । तर, अमेरिकी नाकाबन्दीले थप वार्ताको सम्भावना मार्ने देखिन्छ । इरानी विदेशमन्त्री अरागचीले अमेरिकाले बिचमै वार्ता छोडेर बाहिरिनुभन्दा अगाडि दुवै पक्ष समझदारी नजिक पुगेको बताए ।

२१ घण्टासम्म वार्ता गर्दा पनि सम्झौता नभएपछि अमेरिकाको प्रतिनिधि टोली बाहिरिएको थियो । यति ठुलो युद्धको विषयमा हुने वार्ताहरू एकै दिनमा टुङ्गिँदैनन् । यसबाट अमेरिका त्यहाँ सम्झौता गर्नभन्दा पनि आफ्ना सर्तहरू थोपर्न गएको स्पष्ट हुन्छ ।

वासिङटनले आणविक मुद्दामा कुरा नमिलेपछि वार्ता विफल भएको बतायो । तर, वार्ता हर्मुज, लेबनान र इरानले अमेरिकी सर्त स्वीकार गर्छ कि गर्दैन भन्ने मुद्दामा भइरहेको थियो । यिनै मुद्दाका कारण नाकाबन्दीको प्रश्न उठेको हो ।

वासिङटनले इरानमा सत्ता उल्ट्याउन युद्ध थालेको थियो । त्यो विफल भयो । आफ्नो अस्तित्व नै अक्करमा परेपछि सारा इरान एकजुट भयो; उसले आफ्नो प्रतिरक्षालाई सबल बनायो; हर्मुज नाकालाई नियन्त्रणमा राख्यो । त्यसपछि मात्र वासिङटनले यो नाकालाई खोल्नुपर्ने माग राख्न थालेको हो । तर, यसको लागि अमेरिकाले आफ्ना सर्तहरू अघि तेर्स्यायो ।

इरानले अस्वीकार गरेपछि अमेरिकाले इरानी बन्दरगाहहरूमा नाकाबन्दी लगाएर जवाफ दियो ।

युद्ध र वार्ता असफल भएपछि अमेरिकाले इरानलाई तेल निर्यात बन्द गर्ने र आर्थिक पतनको डर देखाउन खोज्दै छ ।

तर, यो दबाब इरानमाथि मात्र पर्नेछैन । चीन, भारत र पाकिस्तान इरानी ऊर्जा आपूर्तिमाथि निर्भर छन् । इरानी निर्यात रोक्का गर्न खोजे अमेरिकाले ती देशसँग भिड्नुपर्नेछ । अब अन्य देशसँग भिड्ने जोखिम नमोली वा युद्धलाई विस्तार नगरी वासिङटनले इरानविरुद्ध तनाव चर्काउन सक्दैन ।

वासिङटनले यो साम्राज्यवादी युद्धमा प्रत्येक उक्साहटलाई सीमित र नियन्त्रित देखाउन खोज्दै छ । वास्तवमा युद्धको लागत/मूल्य बढ्दै छ र जोखिम झन् फैलिँदो छ । नाकाबन्दीले समस्या हल हुनेछैन । बरु समस्या झन् गहिरिनेछ ।

युद्ध र सम्झौता वार्ता नै विफल भएको स्थितिमा इरानविरुद्ध अमेरिकाले लगाएको नाकाबन्दी सफल हुन्छ भनी पत्याउनुपर्ने कुनै कारण छैन ।

*स्रोत : एमआर अनलाइन*

*अनुवाद : सम्यक*

# साम्राज्यवादी समुद्री डाँकुद्वारा इरान र चीनको नाकाबन्दी

● पेपे एस्कोबार

'पाइरेट्स अफ द क्यारिबियन' को शक्तिशाली पुनरागमनलाई सबैले स्वागत गरौँ, जुन अहिले 'पाइरेट्स अफ द पर्सियन गल्फ' ( फारसको खाडीका समुद्री डाकू) मा स्तरोन्नति भएको छ । इस्लामावादका आदेशहरूको लज्जास्पद पतनपछि, जहाँ बर्बरियाका प्रतिनिधिहरू वार्ता गर्न होइन, आदेश दिन मात्र आएका थिए । अहिले मनोवैज्ञानिक दबाबको एउटा उग्ररूप अगाडि आएको छ: जिसस ! (शाब्दिक रूपमै, किनकि उनले ट्रुथ सोसलमा पोस्ट गरेका छन्) जसले स्ट्रेट अफ हर्मुजको 'टोल बुथ' मा कर तिरिरहेका हरेक जहाजहरूलाई धम्की दिइरहेका छन् ।

गोबीदेखि सहारा मरुभूमिका बालुवाका प्रत्येक कणलाई थाहा भएझैँ, यो सबै चीनको बारेमा हो । त्यसैले यो प्रश्न फेरि सोधिनु आवश्यक छ: 'सेन्टका'म' (CENTCOM) अहिले 'इन्डोपाकोम' (INDOPACOM) मा विलय भएको छ, जुन समुद्री डाकूको नयाँ बहुमुखी स्वरूप (hydra) हो । के इन्डोपाकोमसँग युआनमा महसुल तिरेर स्ट्रेट अफ हर्मुज पार गरिरहेको चिनियाँ सुपरट्याङ्करलाई रोक्ने वा दुख दिने साहस छ ?

आफ्नो ट्रेडमार्क 'भ्रमपूर्ण आधिपत्य' को शैलीमा अमेरिकी अर्थमन्त्री बेसेन्टले भनेका छन् कि चीनले अब इरानबाट तेल प्राप्त गर्न सक्ने छैन । बर्बरियाको यो 'बबुन' (बाँदर जस्तो) हर्कत वास्तवमा चीनविरुद्ध मात्र नभई एसियाली राष्ट्रहरूको ठुलो समूहविरुद्धको आर्थिक युद्ध हो । जसले विश्वव्यापी ऊर्जा प्रवाह, व्यापार, र पूर्वदेखि पश्चिमसम्म सामान ओसारपसार गर्ने प्रमुख ढुवानी मार्गलाई अवरुद्ध पार्छ । यो तेल नाकाबन्दीले चीनलाई मात्र होइन, बरु बहुध्रुवीय विश्वको ठुलो हिस्सालाई निशाना बनाएको छ ।

अमेरिकी नाकाबन्दी सुरु हुनुअघि केवल पाँच राष्ट्रका जहाजहरूले मात्र स्ट्रेट अफ हर्मुज पार गर्न सक्थे: चीन, रुस, भारत, इराक र पाकिस्तान । फेरि पनि प्रश्न उठ्छ: के इन्डोपाकोमले चारवटा आणविक शक्तिसम्पन्न राष्ट्रका जहाजहरूलाई कब्जा गर्ने वा डुबाउने हिम्मत गर्नेछ ?


दक्षिण कोरियाले भने एक कदम अघि बढेर हर्मुजबाट सुरक्षित मार्ग सुनिश्चित गर्न र सस्तो तेल तथा ग्यास खरिद गर्न तेहरानसँग प्रत्यक्ष वार्ताका लागि विशेष दूत पठाएको छ । वर्तमान अवस्थामा, कम्तीमा २६ वटा दक्षिण कोरियाली ट्याङ्करहरू अलपत्र परेका छन् ।

अब बेसेन्टको तुलना चिनियाँ विदेशमन्त्री वाङ यीसँगको वार्ता र राष्ट्रपति सीसँगको व्यक्तिगत भेटपछि बेइजिङमा रहेका रुसी विदेशमन्त्री सर्गेई लाभरोभसँग गरौँ :

"रुसले, नि:सन्देह, उत्पन्न भएको स्रोतको अभावलाई क्षतिपूर्ति दिन सक्छ ।"

चीनको तेल आयातको लगभग १३ प्रतिशत हिस्सा इरानबाट आउँछ, जुन प्रतिदिन करिब १३.८ लाख ब्यारेल हो । यसैको समानान्तरमा, 'पावर अफ साइबेरिया-१' (Power of Siberia–1) ले पूर्ण क्षमतामा काम गर्दै वर्षमा ३८ अर्ब घनमिटर ग्यास आपूर्ति गरिरहेको छ, र 'ईएसपीओ' (ESPO) तेल पाइपलाइनले कीर्तिमानी उचाइ छोइरहेको छ ।

'पावर अफ साइबेरिया-२' अर्को वर्ष मात्र सञ्चालनमा आउन सक्छ । रुसले पहिले नै चीनको २० प्रतिशत तेल आपूर्ति गरिरहेको छ । लाभरोभको शब्दमा 'क्षतिपूर्ति' भन्नुको अर्थ आफ्नो जगेडा क्षमतालाई अन्तिम सीमासम्म पुर्‍याउनु हो । तर, यो सम्भव छ ।




अर्कोतर्फ इरानले वैकल्पिक पाइपलाइन र 'जास्क' (Jask) तेल टर्मिनलमा भरोसा गर्न सक्छ, जसको क्षमता प्रतिदिन १० लाख ब्यारेल छ र यसले स्ट्रेट अफ हर्मुजलाई पूर्ण रूपमा बाइपास गर्छ ।

नाकाबन्दी घोषणा भएयता हालसम्म ८ वटा चिनियाँ ट्याङ्करहरू हर्मुज हुँदै पार गरिसकेका छन् । यसबाहेक, चीनसँग १.३ अर्ब ब्यारेलको मौज्दात छ, जुन इरानबाट हुने सम्भावित घाटालाई महिनौँसम्म थेग्न पर्याप्त छ । र सैद्धान्तिक रूपमा, चीनले अन्य गैर-इरानी फारस खाडीका बन्दरगाहहरूबाट प्रस्थान गर्ने ट्याङ्करहरूबाट तेल

**बाँकी पृष्ठ ८ मा**



प्यालेस्टिनको वेस्ट ब्याङ्क (पश्चिम किनारा) को हेब्रोन सहरको उत्तरमा अवस्थित हालहुल गाउँमा इजरायली सेना प्यालेस्टिनहिरूलाई उनीहरूको खेतमा जान रोक लगाउँदै अप्रिल १७, २०२६ का दिन । अशान्तिका बिच इजरायलले प्यालेस्टिनीहरूलाई बेदखल गर्दै यहुदी बस्ती विस्तार गर्दै आएको छ ।

*तस्बिर : मामोन वाजवाज/सिन्ह्वा*

# गाजा युद्धमा ३८ हजार महिला र बालिकाको मृत्यु

जेनेभा, ५ वैशाख (एएफपी) । सन् २०२५ सम्ममा गाजा युद्धमा ३८ हजारभन्दा बढी महिला र बालिकाहरूको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घले शुक्रबार जारी गरेको अनुमानित तथ्याङ्कमा जनाइएको छ ।

गाजामा अवस्थित प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयले सन् २०२५ को अन्त्यसम्म रेकर्ड गरिएको यो सङ्ख्या गाजा युद्धमा उक्त समयसम्म मारिएका कुल ७१ हजार व्यक्तिको आधाभन्दा बढी हो ।

"सन् २०२३ अक्टोबरदेखि सन् २०२५ डिसेम्बरको बिचमा गाजामा ३८ हजारभन्दा बढी महिला र केटीहरू मारिएका छन्, जुन इजरायली सेनाको हवाई र स्थल आक्रमणको कारण भएको हो," संयुक्त राष्ट्रसङ्घ महिला तथा बालबालिका मामिला निकाय (युएन वुमनका) की प्रवक्ता सोफिया कलटर्पले जेनेभामा एक पत्रकार सम्मेलनमा भन्नुभयो ।

"गाजा युद्धमा मारिएका ती महिला तथा बालिकामध्ये २२ हजारभन्दा बढी महिला र १६ हजारभन्दा बढी केटीहरू रहेका छन् । यसरी हेर्दा यो सङ्ख्या औसतमा कम्तीमा ४७ महिला र केटीहरूको भएको मृत्युसङ्ख्या हो ।

'युएन वुमन' ले भनेको छ, "शवहरू अझै भग्नावशेषमा पुरिएको अवस्थामा भेटिने गरेको र रिपोर्टिङ प्रणालीहरू गम्भीर रूपमा सीमित रहेकाले युद्धमा मारिएका महिला तथा बालबालिकाको वास्तविक तथ्याङ्क योभन्दा अझ बढी हुन सक्छ ।"

"महिला र बालिकाहरूको मृत्युको अनुपात गाजामा यसअघिको द्वन्द्वमा देखिएको भन्दा धेरै बढी रहेको देखिएको छ," कलटोर्पले थप्नुभयो ।

सन् २००८ देखि २००९ को द्वन्द्वमा मारिनेमध्ये १५ प्रतिशत र सन् २०१४ को द्वन्द्वमा मारिनेमा २२ प्रतिशत महिला र बालिकाको रहेको युएन वुमनको प्रतिवेदनमा उल्लेख छ ।

युएन वुमनले भनेको छ, "दु:खको कुरा के छ भने यति धेरै सङ्ख्यामा मृत्युपछि पनि युद्धबाट जीवन जोगिएका महिला तथा बालिकाहरूले अझै पनि जीवनमा दैनिक खतरा, भोकमरी, बारम्बार विस्थापन र अत्यावश्यक सेवाहरूमा गहिरो प्रतिबन्धित पहुँचको सामना गर्नुपरेको छ ।"

"कहालीलाग्दो मृत्युको सङ्ख्यासँग गाजामा लगभग ११ हजार महिला तथा बालिकाहरूलाई विनाशकारी चोटपटक लागेको छ र उनीहरू आजीवन अशक्तताको साथ मात्र बाँच्नेछन्," कलटोर्पले भन्नुभयो ।

उहाँले थप्नुभयो, "युद्धले प्यालेस्टिनी परिवारलाई नयाँ आकार दिएको छ, गाजाका दशौँ हजार घरपरिवारहरू उनीहरूको पुरूष अभिभावक गुमाएका कारण अहिले महिलाहरूको अभिभावकत्वमा रहेका छन् । अविभावकत्व गुमाएका महिलाहरूले बाध्यात्मक र चुनौतीपूर्ण अवस्थामा परिवारको जिम्मेवारी बहन गरिरहेका छन् र उनीहरू अब 'आय बिना, सहयोगको पर्खाइमा वा आवश्यक सेवाहरूमा पहुँचबिना' आफ्नो परिवारको भरणपोषणको व्यवस्थापन गर्न बाध्य छन् ।

**कहालीलाग्दो अवस्था**

द्वन्द्वका क्रममा झण्डै १० लाख महिला तथा बालिकाहरू बारम्बार विस्थापित भएका छन् भने करिब सात लाख ९० हजार महिलाहरूले खाद्य असुरक्षाको सङ्कट-स्तर वा विनाशकारी स्तरको अनुभव गरेका छन् ।

कलटोर्पले भन्नुभयो, "फेब्रुअरी २८ मा इरानमा अमेरिका-इजरायल आक्रमणसँगै सुरु भएको मध्यपूर्व युद्धले पनि सीमा पार बन्द र मानवीय पहुँचमा अवरोधका कारण गाजाको जनजीवन थप कठिनाइपूर्ण बनेको छ ।"

सन् २०२५ अक्टोबरमा घोषणा गरिएको इजरायल र हमासबिचको कमजोर युद्धविराम गाजामा दुई वर्षभन्दा बढी युद्धपछि भएको थियो । हमासले सन् २०२३ अक्टोबर ७ मा इजरायलमाथि सीमापार आक्रमण गरेपछि इजरायलले गाजामा व्यापक हवाई तथा स्थल आक्रमण गरेको थियो ।

हमासको नियन्त्रणमा रहेको र संयुक्त राष्ट्रसङ्घले भरपर्दो मानेको गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार युद्धविराम लागू भएयता कम्तीमा ७६६ प्यालेस्टिनीहरू मारिएका छन् ।

युद्धविरामका बाबजुद हालैका महिनाहरूमा महिला र बालिकाहरूको हत्या जारी रहेको युएन वुमनले जनाएको छ ।

# सम्झौता नभएसम्म इरानी बन्दरगाहमा अमेरिकी नाकाबन्दी जारी रहन्छ : ट्रम्प

अबर्ड एयर फोर्स (अमेरिका), १८ अप्रिल (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानसँग शान्ति सम्झौतामा नभएसम्म इरानी बन्दरगाहहरूमा अमेरिकी नाकाबन्दी कायम राख्ने योजना बनाएको बताएका छन् ।

इजरायल र लेबनानबिचको युद्धविराम सम्झौतापछि इरानले शुक्रबार स्ट्रेट अफ होर्मुज पुन: खोलेको छ, यद्यपि तेहरानले अमेरिकी नाकाबन्दी जारी रहेमा होर्मुज जलमार्ग फेरि बन्द गर्ने धम्की दिएको छ ।

तेहरान र वासिङ्टनबिच यसअघि भएको युद्धविराम बुधवार समाप्त हुने भएको छ ।

युद्धविराम विस्तार हुन्छ कि हुँदैन भनेर सोधिएको प्रश्नमा ट्रम्पले पत्रकारहरूलाई युद्धविराम विस्तार नगर्ने तर नाकाबन्दी जारी राख्ने बताउनुभएको हो ।

यसअघि पाकिस्तानमा भएको वार्तामा अमेरिका र इरानका मागहरूबिच मुख्य भिन्नता भएका कारण सहमतिमा पुग्न असफल भएका छन् ।

आगामी मे महिनामा पेइचिङमा आयोजना गरिएको शिखर सम्मेलनलाई उल्लेख गर्दै ट्रम्पले चीनमा आफ्ना समकक्षी सी चिनफिङसँग विशेष र ऐतिहासिक भेटघाट हुने बताएका छन् ।

फेब्रुअरी- २८ देखि सुरु भएको युद्ध अन्त्य गर्ने योजनाअन्तर्गत तेहरानले इरानमा भण्डार गरिएको युरेनियम संयुक्त राज्य अमेरिकालाई हस्तान्तरण गर्नुपर्ने कुरामा पनि ट्रम्पले जोड दिएका छन् ।

इरानको विदेश मन्त्रालयले भने आफ्नो युरेनियम कतै पनि हस्तान्तरण नगर्ने दोहोऱ्याएको छ ।

# इरानी हवाई क्षेत्र आंशिक रूपमा खुला : उड्डयन प्राधिकरण

तेहरान, ५वैशाख (सिन्ह्वा) । इरानले आफ्नो आंशिक हवाई क्षेत्र र केही एयरपोर्टहरू शनिबारदेखि आंशिक रूपमा पुन: खोलेको इरानी नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

इरानको पूर्वी क्षेत्रको हवाई क्षेत्र, केही एयरपोर्टहरू र हवाई मार्गहरू अन्तर्राष्ट्रिय उडानहरूको लागि पुन: खोलिएको प्राधिकरणले विज्ञप्ति जारी गर्दै पुष्टि गरेको छ ।

देशको सैन्य र नागरिक अधिकारीहरूले प्राविधिक र परिचालन तयारी पूरा गरेपछि इरानी एयरपोर्टहरूमा उडान सञ्चालन बिस्तारै सामान्य हुन जनाइएको छ ।

गत फेब्रुअरी - २८ मा अमेरिका र इजरायलले संयुक्त आक्रमण गरेपछि इरानले आफ्नो हवाई क्षेत्र बन्द गरेको थियो ।

## विश्व सङ्क्षेप

### अफगानिस्तानमा बाढीका कारण ७३ हजारभन्दा बढी प्रभावित : राष्ट्रसङ्घ

काबुल (अफगानिस्तान), १८ अप्रिल (सिन्ह्वा) । अफगानिस्तानका विभिन्न प्रान्तमा यसअघि लगातार १२ दिनसम्म आएको वर्षा र बाढीका कारण ७३ हजारभन्दा बढी मानिसहरू प्रभावित भएको संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपिए) लाई उदृत गर्दै शनिबार टोलो न्यूजले जनाएको छ ।

युएनएफपिएको रिपोर्टका अनुसार बाढीले अफगानीस्तानका विविन्न स्थानमा क्षति पुऱ्याएको छ भने हजारौँ घर, कृषि जग्गा र सडक लगायत प्रमुख पूर्वाधारहरू ध्वस्त पारेको छ । विस्थापित परिवारहरू, विशेषगरी महिला तथा बालबालिकाहरूले स्वास्थ्य सेवाहको पहुँचमा गम्भीर चुनौतीहरूको सामना गरिरहेका छन् । उनीहरूलाई तत्काल खाना, आश्रय र मनोसामाजिक सहयोग अत्यावश्यक भएको जनाइएको छ ।

मानव अधिकारवादी संस्थाहरूले बढ्दो आवश्यकताहरू सम्बोधन गर्न र अवस्थाको थप बिग्रन रोक्न सहयोग बढाउन आह्वान गरेका छन् ।

### भारतमा मिनी बस दुर्घटना हुँदा दस जनाको मृत्यु

नयाँ दिल्ली, १८ अप्रिल (सिन्ह्वा) । दक्षिणी भारतीय राज्य तमिलनाडुको एउटा खोलामा खसेर मिनी बसेर दुर्घटना हुँदा कम्तीमा दस जनाको मृत्यु हुनुका साथै अन्य घाइते भएको अल इन्डिया रेडियो (एआईआर) ले जनाएको छ ।

छिमेकी राज्य केरलाबाट तमिलनाडुमा घुम्नका लागि आएका मानिसहरू बोकेको मिनिबस दुर्घटनाग्रस्त भएको जनाइएको छ ।

आकाशवाणीका अनुसार दुर्घटना हुँदा भ्यानमा केरलाका १६ जना यात्रुहरू सवार रहेका थिए ।

दुर्घटनाको कारण हालसम्म थाहा हुन नसकेको उल्लेख गर्दै प्रहरीले मुद्दा दर्ता गरी दुर्घटनाको गहन अनुसन्धानको सुरुवात गरी सकेको बताएको छ ।

### नाइजेरियामा अपहरणमा परेका पीडितहरूको उद्धार

जोस (नाइजेरिया), १८ अप्रिल (एएफपी) । नाइजेरियाको मध्य बेन्यु राज्यमा बुधवार अपहरणमा परेका १४ जनामध्ये धेरैलाई उद्धार गरिएको स्थानीय प्रहरीले जनाएको छ ।

नाइजेरियामा उत्तरी भागमा फिरौतीका लागि अपहरणजन्य घटनाहरू बढेको जनाइएको छ भने लामो समयदेखि देशले यस्ता आक्रमणको निरन्तर सामना गरिरहेको छ ।

यस्ता आक्रमणहरू आपराधिक गिरोहहरू र जिहादीहरूद्वारा गर्ने गरिएको जनाइएको छ ।

बेन्यु राज्यमा मुस्लिम फुलानी गोठालाहरू र मुख्यतया इसाई किसानहरूबिच भूमि र प्राकृतिक स्रोतहरूलाई लिएर नियमित रूपमा तनावको सामना गर्नुपरेको छ ।

प्रहरी र अन्य सुरक्षा निकायहरूद्वारा सञ्चालित संयुक्त सुरक्षा कारबाहीमा, कार्यकर्ताहरूले आमला वन र छेउछाउका क्षेत्रहरूमा लक्षित खोजी र उद्धार अभियान सञ्चालन गरिरहेका बेन्यु राज्य प्रहरी प्रवक्ता उडेमे एडेटले विज्ञप्तिमार्फत जनाउनुभएको छ ।

अपरेसनले केही पीडितहरूको सफल उद्धार गरी हाल चिकित्सा उपचारमा रहेको जनाइएको छ । प्रवक्ताले उद्धार गरिएका व्यक्तिहरूको सङ्ख्या निर्दिष्ट नगरी सात जना संदिग्धलाई पनि पक्राउ गरिएको बताउनुभएको छ ।

अपहरण गरिएका व्यक्तिहरू मकुर्दी सहर जाने बसका यात्रुहरू रहेको प्रहरीले पुष्टि पारेको छ ।

### संयुक्त राष्ट्र सङ्घद्वारा होर्मुज जलक्षेत्र पुन: खोल्ने इरानी घोषणाको स्वागत

न्यूयोर्क, १८ अप्रिल (क्युएनए) । संयुक्त राष्ट्र सङ्घले होमुज जल क्षेत्र खोल्ने इरानी घोषणाको स्वागत गरेको जनाइएको छ । घोषणाअनुसार संयुक्त राज्य अमेरिकासँग तथ्य भएको युद्धविराम अवधिभर सबै व्यावसायिक जहाजहरूका लागि होर्मुज जलक्षेत्र पूर्ण रूपमा खुल्ने छ ।

संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेसले विज्ञप्ति जारी गर्दै होर्मुज खोल्ने घोषणा सही कदम भन्दै यसको स्वागत गर्नुभएको छ ।

उहाँले संयुक्त राष्ट्र सङ्घको अडान स्पष्ट रहेको बताउँदै होर्मुजमा अन्तर्राष्ट्रिय जहाजको अधिकार र स्वतन्त्रता लगायतका सबै पक्षहरू पूर्ण रूपमा पुनर्स्थापित र सम्मान गर्नुपर्ने बताउनुभएको छ । उहाँले यी युद्धविरामको आशा व्यक्त गर्दै यो कदमले द्वन्द्वरत पक्षहरूबिच विश्वास निर्माण गर्न र पाकिस्तानको मध्यस्थतामा स्थायी युद्धविरामको लागि जारी वार्तालाई बलियो बनाउन योगदान पुग्ने बताउनुभएको छ ।

संयुक्त राष्ट्र सङ्घका प्रवक्ता स्टेफेन डुजारिकले मध्यपूर्वमा हालको द्वन्द्व समाधान गर्न शान्तिपूर्ण बाटो खोज्ने कूटनीतिक प्रयासहरूलाई पूर्ण रूपमा समर्थन गर्ने महासचिवको प्रतिबद्धता पुष्टि गर्नुभएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसअघि नै व्यावसायिक ढुवानीको लागि होर्मुज पूर्ण रूपमा खोल्ने इरानी घोषणाको स्वागत गरेको घोषणा गर्नुभएको थियो ।

# 'कसैसँग छैन आशा, गर्छन् सडकमै सङ्घर्ष'

राधिका बुढाथोकी

कमलामाई (सिन्धुली)। वैशाखको चर्को घामले जमिन तातेको छ। शीतल दिने छहारी छैन। छाता ओढेर ग्राहकको प्रतिक्षामा छन् - ढाटिमाया दर्जी, सुकुमाया थिङ र फूलमाया वाइवा। छाताले शीर ढाकिए पनि जीवनका सङ्घर्षहरू ढाकिन सकेका छैनन्। फागुन-चैतको आँधीहुरी होस्, वैशाख-जेठको चर्को घाम वा असार-साउनको झरी किन नहोस्, दैनिक हाट र फुटपाथमा सङ्घर्ष गरिरहेका भेटिन्छन्।

एकहत्तर वर्षीया ढाटिमाया दर्जीले यो यात्रा सुरु गरेको झन्डै तीन दशक बित्नै लागिसकेको छ। २७ वर्षअघि उहाँले ३५ रूपैयाँको लगानीमा व्यापार सुरुवात गर्नुभएको थियो। ढाटिमायाको व्यापारीक यात्रा फापरको सागबाट भएको हो। "किसानसँग प्रतिमुठ्ठा दुई रूपैयाँका दरले १८ मुठ्ठा सागलाई ३६ रूपैयाँ पर्थ्यो, मलाई किसानले एक रूपैयाँ छुट दिनुभयो। मैले त्यो साग तीन रूपैयाँ नाफा लिएर प्रतिमुठा पाँच रूपैयाँमा बेचेँ। ३५ रूपैयाँको लगानी बढेर ५५ रूपैयाँको भयो," उहाँले विगत सम्झिँदै सुनाउनुभयो।

पहिला सिन्धुलीसँगै रामेछाप, दोलखासम्मका हाट, मेला, महोत्सवमा व्यापार गर्न पुग्ने ढाटिमायाले त्यसरी नै व्यापार विस्तार गर्दै जानुभयो। ३५ रूपैयाँबाट सुरुवात गरेको व्यापार बढेर अहिले झन्डै ३५ हजारको भएको छ। सिन्धुलीको सदरमुकाम सिन्धुलीमाढीमा साप्ताहिक रूपमा लाग्ने शनिबारे हाटको उहाँ नियमित व्यापारी हुनुहुन्छ।

शुक्रबार पनि गाउँमा उत्पादित मौसमअनुसारका उत्पादन बेचिराख्नुभएको छ। साग, अदुवा, बेसार, केरा, खुर्सानी, अमला, बदाम, अम्बा, गुन्द्रुकजस्ता सामान उहाँ बिक्रीमा राख्नुहुन्छ। उहाँ भन्नुहुन्छ, "मेरो हैसियतअनुसारको व्यापार गरिरहेको छु। शुक्रबारसम्म कसैसँग मागेर खानु परेको छैन। म आफ्नै पौरखमा बाँचेको छु। जेनतेन घरखर्च धानेकै छु।"

शुक्रबार आमाको मुख हेर्ने दिन। उहाँलाई पनि आफ्ना सन्तानले शुक्रबार अरु आमाका छोरोछोरीले जस्तै मुख हेर्न आउनान् कि भन्ने आशा लाग्छ तर कसैले वास्ता गर्दैनन्। ढाटिमायाका आठ सन्तान थिए-पाँच छोरी र तीन छोरा। सबै छोरी र कान्छो छोरो अकालमै बिते। बाँचेका दुई छोरा-बुहारीको पनि साथ छैन उहाँलाई। टन्टलापुर घाममा व्यापार गर्ने ढाटिमायालाई घामको तापले भन्दा बितेका सन्तानको शोकले पिरोलिरहन्छ। उहाँको साथमा श्रीमान त हुनुहुन्छ। तर कठिन सङ्घर्षमा सधैँ एक्लै जुध्न परेको तीतो अनुभवले सुनाउनुभयो।

ढाटिमायाकै सारथी हुनुहुन्छ, सुकुमाया। उमेरले ८० कटेकी सुकुमाया ३५ वर्ष भयो व्यापारमा लागेको। यस अवधिमा भिमानमा लाग्ने शुक्रबारे हाट, सिन्धुलीमाढीमा लाग्ने बुधबारे र शनिबारे हाटदेखि दोलखा, रोमछापमा लाग्ने हाटमासमेत उहाँ पुग्नुभएको छ। अझैसम्म पनि यो यात्रा रोकिएको छ। "आफैँमा आत्मनिर्भर भएमा कसैले हेप्न सक्दैन। शरीरले साथ दिएसम्म मिहेनत गर्छु। मलाई कसैको आशा पनि छैन," सुकुमायाले भन्नुभयो। सानो लगानीमा मुठ्ठी, मानोको व्यापार गरेरै पनि जीविका चलाउन सकिने उहाँ बताउनुहुन्छ।

सुको मानो खुर्सानी बेचेकी फूलमायालाई बजारमा सामानको मूल्य आकासिएको देख्दा आत्तेसै लाग्छ। उहाँले शनिबारे हाटमा मात्रै ३१ वर्ष भयो व्यापार गर्नुभएको। गाउँ-घरमा उत्पादन भएका अर्गानिक सागसब्जी, फलफूलगायतका सामान उहाँले बेच्दै आउनुभएको छ। उमेरले ७२ वर्ष पुगेकी फूलमायालाई आफ्ना पाखुरा चलुन्जेल कसैलाई पनि दु:ख दिने मन छैन। "मेरो छोरा नेपाली सेनामा जागिरे छ। तर, शुक्रबारसम्म छोरालाई दुख दिएको छैन। म आफ्नै कमाइले बाँचिरहेको छु। यसैगरी काम गर्दा-गर्दै, पैसा कमाउँदा-कमाउँदै मर्न पाइयोस्," उहाँले भन्नुभयो।

ढाटिमाया, सुकुमाया र फूलमाया एकअर्काको सारथी हुनुहुन्छ। प्राय: हाटमा व्यापार सँगै-सँगै गरेको देखिन्छ। शुक्रबार पनि उहाँहरू शनिबारे हाटमा लहरै बसेर व्यापार गरिराख्नुभएको छ। हाटमा मात्रै कहाँ हो र! फुटपाथमा पनि सानो लगानीमा व्यापार गर्नेहरू महिला बाक्लै भेटिन्छन्। सावित्री थापाले फुटपाथमा व्यापार सुरु गर्नुभएको चार वर्ष बित्यो। उहाँ दैनिक बिहान ९ बजेदेखि बेलुका ७ बजेसम्म सिन्धुलीमाढी क्षेत्रकै फुटपाथमा व्यापार गर्नुहुन्छ। यसका बाध्यता धेरै छन्।

उहाँ दुई सन्तानकी आमा हुनुहुन्छ। छोरीको विवाह भइसकेको छ। छोराका दुई नाति छन् तर कमाएर पाल्ने छोरो बिरामी भएर थलिएपछि उहाँले ६० वर्षको उमेर फुटपाथमा व्यापार गर्नु परेको हो। शुक्रबार उहाँले सिन्धुलीमाढीस्थित भेटेनरी चोकमा खुर्सानी, कुखुराको अण्डा, केरा, गुन्द्रिक, वन सिलाम, टिमुर, बेसार बेच्न राख्नुभएको छ। व्यापारबाट दैनिक कमाइ चार सयदेखि एक हजारसम्म हुने गरेको उहाँले बताउनुभयो।

त्यसो त ८० वर्षीया देवकुमारी भुजेल पनि फुटपाथमै सङ्घर्ष गरिराख्नुभएको छ। पोलेको र हरियो मकै, बेसार, खुर्सानी, अमला उहाँले बेच्नुहुन्छ। सामाजिक सुरक्षा भत्ताले औषधि खान नपुगेपछि उहाँ अझैसम्म पनि सडकमा सङ्घर्ष गर्न बाध्य हुनुहुन्छ। आफ्ना सन्तानको अपहेलना सहन नसकेर उहाँ छुट्टै कोठा भाडामा लिएर बस्दै आउनुभएको छ। देवकुमारीलाई एक्लो बुढेसकाल बिताउन जति सङ्घर्ष छ, त्यत्तिकै कठिन छ-अनितादेवी रामलाई तीन सन्तानको पालनपोषण गर्न। श्रीमान् बितेपछि फुटपाथमा उहाँको सङ्घर्ष सुरु भएको हो।

महोत्तरीका गौशलाकी अनितादेवीको परिवार १२ वर्षदेखि कमलामाई नगरपालिका-५ चिसापानीमा कोठा भाडामा बस्दै आएको छ। परिवारको एक मात्रै साहारा बनेका विजय राम रोगले थलिएर बितेपछि अनितादेवी बेसहारा हुनुभयो। आफन्त, परिवारको समेत उहाँले साथ पाउनुभएन।

विजय बित्दा जेठो छोरो १० वर्षका थिए। भोक मेटाउन गासको समस्या बढ्न थालेपछि उनले विजयले गरेको कामलाई निरन्तरता दिन थाले। गौमती नमुना माध्यमिक विद्यालयमा कक्षा पाँचमा पढ्दै गरेका चन्दनको पढाइ छुट्यो। त्यसपछि अनितादेवी आफैँले चुत्ता-चप्पल सिलाउन, पोलिस लगाउन सिक्नुभयो। आफूले सीप जानेपछि छोरालाई पढ्न विद्यालय पठाउनुभयो, आफू काममा खटिनुभयो।

यो यात्राको सुरुआत सजिलो थिएन। श्रीमान्को निधनपछि जीवनले एकाएक कठिन मोड लियो। "पहिला म घरायसी धन्दामै व्यस्त हुन्थेन। मैले यो काम जानेकै थिइन। बुबाले गरेका काम देखेर बरु छोराले जानेको रहेछ, मैले उसैसँग काम सिकेर गर्न थालेकी हुँ", उहाँले सुनाउनुभयो।

श्रीमान् साथमा हुँदा घरधन्दामा मात्रै सीमित रहेकी अनितादेवीले पछिल्लो समय बाहिरको काम पनि भ्याउनुपर्ने बाध्यता छ। बिहानको घरधन्दा सकेर छोराछोरीलाई विद्यालय पठाउनु अनि आफूलाई आवश्यक पर्ने औजार बोकेर फुटपाथमा चुत्ता-चप्पल सिलाउन निस्किनु उहाँको दैनिकी हो। "दिनभरि चुत्ता-चप्पल सिलाउँदा हातका औँला छेडिन्छन्, पाखुरा दुखेर कहिले राम्रो निन्द्रा पर्दैन। काम दु:खको छ। तर, गर्नुपर्ने बाध्यता छ," उहाँले भन्नुभयो।

अनितादेवीले जुत्ता, चप्पल सिलाएको एक सय र जुत्ता पोलिस गरेको रु. ५० लिने गर्नुभएको छ। पोलिस, जुत्ता सफा गर्ने ब्रस, सोल र जुत्ताको लेस बेच्न राख्नुभएको छ। उहाँका श्रीमान्ले त्यही जुत्ता सिलाउने पेसाबाटै दैनिक १५ सयदेखि १८ सयसम्म कमाउनुहुन्थ्यो। अनितादेवीको भने कमाइ कम हुन्छ। उहाँ भन्नुहुन्छ, "कहिले कमाइ नै हुँदैन। कहिले पाँच सयदेखि रु. एक हजारसम्म हुन्छ।"

महिला भएकाले अनितादेवीलाई पुरुषले जुत्ता, चप्पल सिलाउन, पोलिस गर्न दिनुहुँदैन। लक्ष्मीको रूप मानेर होला, महिलाबाट मात्रै काम आउँदा आम्दानी कम हुने उहाँको भनाइ छ। फुटपाथमा बसेर काम गर्दा उहाँले धेरै खालका व्यवहार पनि भोग्नुभयो। समाजको दृष्टि, आफ्नै सङ्कोच र लाजले उहाँलाई धेरैपटक टुटाएको थियो। "कतिपयले खिसिटिउरी गर्थे। यो काम पुरुषले मात्रै गर्ने हो, तिमी भाँडा माझ्ने काम खोज्न जाउ पनि भने", अनितादेवीले सुनाउनुभयो। उहाँले सुरु-सुरुमा अप्ठ्यारो मान्दै, लजाउँदै सुरु गर्नुभएको यो यात्राले साढे तीन वर्ष पार गर्न लागिसकेको छ। तर, फुटपाथमा जुत्ता-चप्पल सिलाएर जीविका धान्ने कठिन सङ्घर्ष कम भएको छैन।

फुटपाथमा व्यापार गर्ने साना व्यापारीलाई बेला-बेलामा नगर प्रहरीले उठाउँछन्। यसले फुटपाथमा सानो व्यापार, व्यवसाय गरेर जीविका चलाइरहेकाहरू समस्यामा पर्ने गरेका छन्। स्थानीय सरकारले पनि यसको उचित व्यवस्थापना गर्न सकेको छैन। व्यस्थापन गर्ने प्रयास भने गरिएको पालिकाका जनप्रतिनिधिहरू बताउँछन्। चरम अभाव र दबाबका कारण फुटपाथमा पसिना बगाइरहेका यस कथाका पौरखी महिलाहरूलाई थोरै विस्मात आफ्नो भाग्यसँग छ तर कसैसँगै गुनासो छैन। शुक्रबारको कठिन सङ्घर्षले एक दिन भाग्य बदलिने आशा भने सबैमा जीवित छ। ***(रासस)***

# किताब र हातेलेखनमा १७ अर्ब लगानी !

अरुणा उप्रेती

(डिजिटल उपकरण शिक्षाको सहायक हुन सक्छ तर मुख्य माध्यम बन्नुहुँदैन, सक्दैन। मुख्य माध्यम त कागजी किताब, कलम, कापी नै हुनुपर्छ।') why ?, why ? why

केही दिनअघि एउटा समाचार आयो- स्विडेनले विद्यालयमा स्क्रिन प्रयोग घटाउन एक सय मिलियन युरो (अर्थात् १७ अर्ब ४४ करोड नेपाली रुपैयाँ) खर्च गर्नेछ। सन् २००९ मा कम्प्युटरबाट पढ्ने व्यवस्था सुरु गरेको स्विडिस सरकारले अहिले २०२६ मा विद्यालयहरूमा स्क्रिन (ट्याब्लेट, ल्यापटप, मोबाइल आदि) को धेरै प्रयोग घटाउन र छापिएका पुस्तक, हस्तलिखित अभ्यास र परम्परागत पढाइ प्रणाली पुन: बढाउन अर्बौं रुपैयाँ खर्च गर्ने योजना बनाएको छ भन्ने सुन्दा अचम्म लाग्न सक्छ तर स्विडेन सरकारले यो निर्णय विभिन्न अध्ययन र विद्यालयका नतिजा हेरेपछि गरेको हो। अध्ययनले देखाएको छ। अनेक थरीका ल्यापटपमा आधारित पढाइले विद्यार्थीको लेखन क्षमता पनि घट्यो। आफ्नै भाषा पनि राम्रो लेख्न सक्ने अवस्था रहेन।

यतिसम्ममा अन्तर्राष्ट्रिय परीक्षामा स्विडेनका विद्यार्थीहरूको नतिजा कमजोर हुन थाल्यो। यस्तो भएपछि त्यहाँको समाजमा छलफल हुन थाल्यो र नीति निर्माता र शिक्षकहरू 'केचाहिँ समस्या भएछ' भन्ने सोच्न थाले। 'के कारणले विद्यार्थीहरूको सिकाइमा असर परेको छ किन विद्यार्थीहरूको सिकाइको स्तर कम भयो ?' प्रश्न गर्न थाले।

उनीहरूले अध्ययन गरेपछि पत्ता लगाए कि 'कागजी पुस्तकबाट पढ्दा विद्यार्थीहरूले राम्रोसँग बुझ्न सक्दा रहेछन्। सिकाइ राम्रो हुने रहेछ। साथै किताबबाट सिक्दा ध्यान दिएर पढ्नुपर्ने हुनाले बुझेको कुरा लामो समयसम्म सम्झनामा रहने रहेछ।'

साथै आधारभूत सिपजस्तो औँलाले कलम समाएर लेख्दा मस्तिष्क पनि चलिरहेको हुन्छ। मस्तिष्क विकास हुन्छ। जबकि कम्प्युटरबाट पढ्दा बालबालिकाको सतही ट्याब्लेट, ल्यापटप र डिजिटल एप प्रयोग गर्न थाले। तामझामसाथ प्रयोग गरिएको यस्तो क्रियाकलापले केही वर्षपछि विद्यार्थीहरूको किताब पढेर बुझ्ने क्षमता घटेको, पढाइमा एकाग्रता कम भएको थाहा पाइयो। उनीहरूको लेखन क्षमता पनि घट्यो। आफ्नै भाषा पनि राम्रो लेख्न सक्ने अवस्था रहेन।

यतिसम्ममा अन्तर्राष्ट्रिय परीक्षामा स्विडेनका विद्यार्थीहरूको नतिजा कमजोर हुन थाल्यो। यस्तो भएपछि त्यहाँको समाजमा छलफल हुन थाल्यो र नीति निर्माता र शिक्षकहरू 'केचाहिँ समस्या भएछ ?' भन्ने सोच्न थाले। 'के कारणले विद्यार्थीहरूको सिकाइमा असर परेको छ किन विद्यार्थीहरूको सिकाइको स्तर कम भयो' प्रश्न गर्न थाले।

उनीहरूले अध्ययन गरेपछि पत्ता लगाए कि 'कागजी पुस्तकबाट पढ्दा विद्यार्थीहरूले राम्रोसँग बुझ्न सक्दा रहेछन्। सिकाइ राम्रो हुने रहेछ। साथै किताबबाट सिक्दा ध्यान दिएर पढ्नुपर्ने हुनाले बुझेको






*यसका साथै विज्ञहरूले अर्को मानसिक र मस्तिष्क विकासको चिन्ता पनि व्यक्त गर्न थाले। स्कूलमा कम्प्युटर पढेपछि घरमा पनि किताब पढ्ने र हातले लेख्ने अभ्यास*

आधारभूत सिकाइ क्षमतामै असर पार्न सक्छ।

सन् २००९ तिर स्विडेनले विद्यालयमा डिजिटल शिक्षालाई निकै प्राथमिकतासाथ सुरु गरेको थियो। त्यहाँका विद्यालयहरूले परम्परागत पाठ्यपुस्तक र कापीमा लेख्ने बानी हटाएर ट्याब्लेट, ल्यापटप र डिजिटल एप प्रयोग गर्न थाले। तामझामसाथ प्रयोग गरिएको यस्तो क्रियाकलापले केही वर्षपछि विद्यार्थीहरूको किताब पढेर बुझ्ने क्षमता घटेको, पढाइमा एकाग्रता कम भएको थाहा पाइयो। उनीहरूको रूपमा मात्र सिक्ने बानी विकास हुँदो रहेछ। अनि बाल विज्ञहरूले भन्न थालेछन्, 'डिजिटल उपकरण शिक्षाको सहायक हुन सक्छ तर मुख्य माध्यम बन्नुहुँदैन, सक्दैन। मुख्य माध्यम त कागजी किताब, कलम, कापी नै हुनुपर्छ।'

यसका साथै विज्ञहरूले अर्को मानसिक र मस्तिष्क विकासको चिन्ता पनि व्यक्त गर्न थाले। सन् २००९ तिर स्विडेनले विद्यालयमा डिजिटल शिक्षालाई निकै प्राथमिकतासाथ सुरु गरेको थियो। त्यहाँका विद्यालयहरूले परम्परागत पाठ्यपुस्तक र कापीमा लेख्ने बानी हटाएर कुरा लामो समयसम्म सम्झनामा रहने रहेछ।'

आधारभूत सीपजस्तो औँलाले कलम समाएर लेख्दा मस्तिष्क पनि चलिरहेको हुन्छ। मस्तिष्क विकास हुन्छ। जबकि कम्प्युटरबाट पढ्दा बालबालिकाको सतही रूपमा मात्र सिक्ने बानी विकास हुँदोरहेछ। अनि, बाल विज्ञहरूले भन्न थालेछन्, 'डिजिटल उपकरण शिक्षाको सहायक हुन सक्छ तर मुख्य माध्यम बन्नुहुँदैन, सक्दैन। मुख्य माध्यम त कागजी किताब, कलम, कापी नै हुनुपर्छ।'

# सिरुवारीमा 'बेञ्चिङ' विधिबाट पहिरो रोकथाम

म्याग्दी, ५ वैशाख। कालीगण्डकी कोरिडोरको बेनी-जोमसोम-कोरला सडकअन्तर्गत म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ सिरुबारीमा पहिरो रोकथामका लागि 'बेञ्चिङ' विधि अपनाइएको छ।

सिरुवारीमा बर्खायाममा पहिरो खसेर सडक अवरुद्ध हुने समस्याको अस्थायी समाधानका लागि भारत र चीन जोड्ने कालीगण्डकी कोरिडोरको बेनी-जोमसोम-कोरला सडक आयोजनाले अल्पकालिन रूपमा कम खर्चमा पहिरो रोकथाम गर्न सकिने 'बेञ्चिङ' विधि अपनाएको हो। म्याग्दीका सडकमा पहिरो रोकथामका लागि 'बेञ्चिङ' विधि पहिलोपटक सिरुवारी पहिरोमा प्रयोग भएको हो।

अस्थायी रूपमा सिरुवारी पहिरो रोकथाम गरेर आगामी बर्खामा बेनी-जोमसोम-कोरला सडकमा नियमित यातायात सञ्चालनका लागि 'बेञ्चिङ' विधि अपनाइएको आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "सिरुवारीको तीन सय मिटर दूरीको पहिरोको दिर्घकालिन समाधानका लागि आवश्यक पर्ने रु. ६० करोड बजेटको स्रोत सुनिश्चितता हुन नसकेपछि आयोजनाले आन्तरिक स्रोतबाट अस्थायी रूपमा पहिरो रोकथाम गर्न बेञ्चिङ गरेको हो। भिरालो पाखाको पहिरोलाई सिधै सडकमा खस्न नदिनका लागि गह/गह बनाइएको छ।"

गत चैत महिनाको पहिलो सातादेखि डोजर परिचालन गरेर सुरु गरिएको बेञ्चिङ गर्ने कार्य केही दिनअघि सकिएको हो। सिरुबारीमा सडकदेखि एक किलोमिटर माथिसम्मको जमिन पहिरोमा परिणत भएको छ। सडकतल कालीगण्डकी नदी छ। पछिल्लो तीन वर्षयता बर्खायाममा सिरुवारीको सडक माथिबाट पहिरो खसेर दैनिक जसो बेनी-जोमसोम सडक अवरुद्ध हुने गरेको छ।

सडक अवरुद्ध हुँदा कोरला नाकाबाट नेपाली बजारमा सामान ल्याएर आउने कन्टेनर, मुस्ताङ जाने आउने पर्यटक, तिर्थयात्री र स्थानीयवासीहरूबिच बाटोमै रोकिएर अलपत्र पर्ने समस्या छ। बेनी-जोमसोम सडकको अन्य ठाउँका ठुला पहिरो नियन्त्रणका लागि काम थालिएपनि सबैभन्दा ठुलो सिरुवारीको पहिरो रोकथामका लागि बजेट अभावमा काम हुन सकेको थिएन।

भिरालो जमिनलाई सिँढीजस्तो तह बनाएर स्थिर बनाएर पहिरो नियन्त्रण गर्ने विधिलाई प्राविधिक भाषामा 'बेञ्चिङ' भनिन्छ। सडकभन्दा माथि बिच भागमा दुई ठाउँमा डोजरले सम्माएर पहिरोलाई सिधै खस्न नपाउने गरि सम्माइएको छ।

करिब १७ मिटर फराकिलो पारिएको सडकको डिलतर्फ सात मिटर छाडेर कुनातर्फको भागमा पहिरो थुप्रिने ठाउँ राखिएको छ। ढल्केको जमिनलाई सिँढीजस्तो बनाएपछि प्रत्येक तहले माथिको माटोको भार सम्हाल्ने, पानी बग्ने गति घट्ने र माटो चिप्लने सम्भावना कम हुने बेनी-जोमसोम-कोरला सडक योजनाका सूचना अधिकारी जेमकुमार बैठाले बताउनुभयो। ***रासस***

# के यो सत्य हो ?

- वरिष्ठ पत्रकार प्रतीक प्रधानले वैशाख ३ गते व्यास मिडिया नेटवर्कका सञ्जय गुप्तासँगको अन्तर्वार्तामा भने, "तीस–चालिस वर्षयता काठमाडौँमा नब्बे प्रतिशत भ्रष्टाचारबाट बनेका घरहरू हुन् । काठमाडौँमा जन्मेका र हुर्केका अहिलेका अधिकांश जेनजीहरू तिनीहरूकै सन्तान हुन् ।
- भदौ २४ गतेको आन्दोलनमा भैँसेपाटीमा निर्मित मन्त्री क्वाटर आगजनी गरिएको हुँदा रास्वपा सरकारको सहरी विकास मन्त्रालय आफ्ना मन्त्रीहरूको निवासको लागि भाडाका घरहरू खोजी गर्दै छन् । यसपछि जिल्ला जिल्लाबाट आएर काठमाडौँ सेवारत कर्मचारीहरूले पनि आफूहरूको सुख्खा तलबबाट काठमाडौँमा गुजारा हुन नसक्ने वेदना पोख्दै छन् ।
- स्वीडेनका विद्यालयहरूमा दशक अघिदेखि विद्युतीय उपकरणमा शिक्षा दिइरहेकोमा सन् २०२८ पछि पूर्णरूपमा पुस्तक, अभ्यास पुस्तिका (कापी), सिसाकलम, कलम प्रयोग गराई पढाइँदै छ ।
- प्रेस मिडिया टीभीका अनुसार दोलखाको गौरीशङ्कर क्याम्पसमा ११ सदस्यीय व्यवस्थापन समिति गठनमा एमाले (३ स्थान), नेका (४ स्थान), रास्वपा (दुई स्थान), माओवादी (दुई स्थान) गरी भागबन्डा गरिएको छ ।
- रास्वपाको सरकारले के मुस्ताङको युरेनियम खानी संरा अमेरिका र अस्ट्रेलियाको जिम्मा लगाई राष्ट्रघात गर्दै छ । यसले नेपाल युद्धको भूमरीमा पर्नेछ । वरिष्ठ अधिवक्ता ध्रुवलाल श्रेष्ठले रास्वपा सरकारसँग यसबारे सूचनाको हकअन्तर्गत कागजात मागेका छन् तर सरकार कागजात उपलब्ध गराउन आनाकानी गर्दै छ ।
- वरिष्ठ पत्रकार अनिल गिरीले माउन्टेन टीभीसँग चैत ३० गते प्रश्न गरे, "१ लाख सेनामा ८० हजार परिचालन गरेर बालेन साहलाई प्रधानमन्त्री बनाउने सेनापतिले भदौ २४ गते सिंहदरबार आगजनी हुँदा किन निभाएनन् ?
- OTV मा केही विश्लेषकले प्रश्न उठाए : संरा अमेरिकामा रोजगारीमा गएका रवि लामिछानेले महिनाको पाँच लाख डलर कमाएको भनी गफ गरेको अस्वाभाविक हो । (रविको मुखबाट मासिक १ लाख कमाएको आएको थियो ।) रास्वपाबाट अर्थमन्त्री भएका वाग्लेले आफ्नो सम्पत्ति कति ससुराली भियतनाममा राखेको छ ? सस्मित पोखरेलको बुबाको सम्पत्ति पनि छानबिन हुनु पर्दछ । रास्वपाका मन्त्रीहरूले सुन राखेको कर छली हो, अवैध हो । बालेन्द्रले पातलो 'साह' बाट मोटो 'शाह' राखेको 'नयाँ राजाजस्तै' बन्न खोजेको हो ।

# जुम्लामा चालु आवको नौ महिनामा २९ प्रतिशत मात्रै पुँजीगत खर्च

जुम्ला, ५ वैशाख । जुम्लामा चालु आर्थिक वर्ष २०८२/०८३ को नौ महिनामा कुल बजेटको पुँजीगत खर्च २९ दशमलव २८ प्रतिशत मात्रै खर्च भएको छ ।

चालु आवका लागि सङ्घीय सरकारबाट जिल्लामा पुँजीगत बजेट रु. एक अर्ब ९४ करोड १९ लाख १० हजार विनियोजित भएकामध्ये साउनदेखि चैतसम्म ५६ करोड ८५ लाख १९ हजार अर्थात् २९ दशमलव २८ प्रतिशत विकास बजेट खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाका कोष नियन्त्रक मन्जित अछामीले जानकारी दिनुभयो ।

चालु आवका लागि यहाँका आठ स्थानीय तहसहित जिल्लाका ३६ वटा सङ्घीय सरकार मातहतका कार्यालयका लागि चालु र पुँजीगत गरी रु. सात अर्ब ३१ करोड ५२ लाख २९ हजार बजेट विनियोजित भएको छ । कुल बजेटको चालु आवको चैत मसान्तसम्म चालुतर्फ रु. तीन अर्ब ५३ करोड ९२ लाख ५४ हजार अर्थात् ६५ दशमलव ८७ प्रतिशत खर्च भएको कोष नियन्त्रक अछामीको भनाइ छ ।

कुल बजेटको चालु र पुँजीगत गरी चालु आवको नौ महिनामा रु. चार अर्ब १० करोड ७७ लाख ७३ हजार, अर्थात् ५६ दशमलव १५ खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाका कोष नियन्त्रक अछामीले बताउनुभयो ।

सङ्घीय सरकारले जिल्लाको विकासका लागि विनियोजित बजेटमध्ये सबैभन्दा बढी पुँजीगततर्फ सघन सहरी तथा भवन आयोजना जुम्लालाई रु. ८० करोड ९५ लाख ४७ हजार विनियोजित बजेटमध्ये चालु आवको चैतसम्म रु. १९ करोड ६८ लाख पाँच हजार अर्थात् २३ दशमलव ५५ प्रतिशत मात्र खर्च भएको छ ।

यसैगरी, सडक डिभिजन कार्यालय जुम्लाका लागि पुँजीगततर्फ रु. ७४ करोड ३६ लाख १९ हजार विनियोजित बजेटमध्ये सोही अवधिमा रु. १८ करोड ३८ लाख ९४ हजार अर्थात् २४ दशमलव ७३ प्रतिशत मात्र विकास बजेट खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाले जनाएको छ ।

गत आव २०८१/८२ मा जुम्लामा पुँजीगततर्फ रु. तीन अर्ब पाँच करोड ११ लाख २७ हजार विनियोजित रकममध्ये रु. दुई अर्ब आठ करोड १९ लाख ८५ हजार अर्थात् ६७ दशमलव ९१ प्रतिशत मात्र विकास बजेट खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाले जनाएको छ । यहाँका दुई वटा ठुला विकासे कार्यालय सडक डिभिजन कार्यालय र सघन सहरी तथा भवन आयोजना जुम्लाको विकास बजेट खर्चको अवस्था अत्यन्तै निराशाजनक देखिएको छ ।

सडक डिभिजन कार्यालयको कार्य क्षेत्र जुम्लालगायत कालीकाट र मुगु रहेको छ । सघन सहरी तथा भवन आयोजना जुम्लाबाट माथिल्लो कर्णालीका जुम्ला, कालीकोट, मुगु, हुम्ला र डोल्पा गरी पाँच जिल्ला हेर्ने गरेको छ ।

# अन्तर्राष्ट्रिय कानुनको सम्मान गर्न राष्ट्रसङ्घीय प्रमुखको आग्रह

हेग (नेदरल्याड), १८ अप्रिल ( क्युएनए) । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले अन्तर्राष्ट्रिय कानुनको अवहेलनाले विश्वव्यापी विश्वास घट्ने चेतावनी दिँदै अन्तर्राष्ट्रिय अदालतले जारी गरेको फैसला पालना गर्नु संयुक्त राष्ट्रसङ्घको बडापत्रअन्तर्गतको बाध्यकारी दायित्व भएको बताउनुभएको छ ।

अन्तर्राष्ट्रिय अदालतको ८० औँ वार्षिकोत्सवको अवसरमा जारी वक्तव्यमा गुटेरेसले विगत आठ दशकमा आधुनिक अन्तर्राष्ट्रिय न्यायीक व्यवस्थालाई आकार दिन अदालतले केन्द्रीय भूमिका खेलेको बताउनुभएको छ ।



अदालतको अधिकार र स्वतन्त्रताबारे उल्लेख गर्दै उहाँले विवादको शान्तिपूर्ण समाधान र निर्णयको पालनाको लागि नयाँ प्रतिबद्धताको आवश्यकतालाई जोड दिनुभएको छ ।

गुटेरेसले सशस्त्र द्वन्द्व बढाउने, नियमहरू उल्लङ्घन गर्ने सैन्य कार्यहरू, साथै संयुक्त राष्ट्र सङ्घको मानवीय दायित्व र सुरक्षा कायम गर्ने असफलताहरूलाई औँल्याउँदै अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन तिव्र रूपमा भएको बताउनुभएको छ । यसैबिच न्याय कायम राख्ने जिम्मेवारी दिइएको संस्थाहरूले बढ्दो शङ्का र चुनौतीहरूको सामना गरिरहेको उहाँले चेतावनी दिनुभएको छ ।

उहाँले विधिको शासनलाई बलको कानुनले प्रतिस्थापन गर्ने प्रयास गर्दा द्वन्द्व बढी विश्वव्यापी अस्थिरता उत्पन्न हुने बताउनुभएको छ ।

# सर्वोच्चका कर्मचारीले पालना गरेनन् नियम

काठमाडौँ, ५ वैशाख । कानुनको अन्तिम व्याख्या गर्ने निकाय सर्वोच्च अदालतका कर्मचारीले नै नियम पालना नगरेको पाइएको छ ।

यही वैशाख ३ गते अदालतको अनुगमन महाशाखाबाट आकस्मिक रूपमा हाजिर एवं 'ड्रेसकोड' अनुगमन गर्दा नियम पालना नगरेको पाइएको सर्वोच्च अदालत प्रशासनले जनाएको छ । सर्वोच्च अदालत प्रशासनले जारी गरेको सूचनामा निर्दिष्ट समयभित्रै कर्मचारीका लागि तोकिएको पोसाकमा मात्र अदालत प्रवेश गर्न र तोकिएको शाखामा प्रमुख/महाशाखा प्रमुखको निर्देशनमा रही सेवाग्राहीबाट गुनासो नआउने गरी कार्यसम्पादन गर्न तथा गराउन भनिएको छ ।

त्यसदिन बिहान गरिएको छड्के अनुगमनमा बिहान ९:०० बजेपछि कार्यालय प्रवेश गर्ने कर्मचारीको सङ्ख्या ८२ जना रहेको तथा तोकिएको पोसाक नलगाउने २२ जना (जिन्स, टिसर्टसमेत लगाएका) पाइएको छ ।

बिदा स्वीकृत/पूर्वजानकारी नगराइ अनुपस्थित रहेको सङ्ख्या ७० जना रहेका छन् । यस्तै, वैशाख २ गतेको कुर्सी छड्के गर्दा नौ जना (बिहान–बेलुका हाजिर मात्र गरेको) आफ्नो कार्यकक्षमा नभेटिएका पाइएको पनि अदालत प्रशासनले जानकारी दिएको छ ।

अनुगमनका क्रममा पाइएको कैफियतको अभिलेख रहने र अब उप्रान्त बिहान ९:१५ पश्चात् एवं बेलुका ५:०० बजेअघि हाजिरी मेसिनले हाजिर नलिने बेहोरासमेत जानकारी गराउँदै अदालतले अनुगमन महाशाखाबाट यो कार्य निरन्तर रूपमा जारी रहने उल्लेख गरेको छ ।

# महिलालाई आत्मनिर्भर बनाउँदै सहकारी

दमौली (तनहुँ), ५ वैशाख । यहाँको देवघाट गाउँपालिका–५ चक्रवर्ती सामाजिक उद्यमी महिला सहकारी सस्थाले दुग्धजन्य उत्पादन बिक्री गर्न प्रत्येक साताको एक दिन मेला सञ्चालन गर्न थालेको छ ।

गाउँपालिकाको एकमात्र महिला सहकारी संस्थाको रूपमा रहेको उक्त सहकारीले सदस्य महिलाहरूको आयआर्जन र आर्थिक समृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । सोहीअनुसार सदस्यहरूद्वारा उत्पादित दुग्धजन्य वस्तु तथा कृषिउपज प्रवर्द्धन र बिक्री गर्न प्रत्येक साताको शुक्रबार मेला सञ्चालन गर्न थालेको हो । मेलामार्फत दुग्धजन्य पदार्थ बिक्री गरिने सहकारीका अध्यक्ष सावित्री न्यौपानेले बताउनुभयो ।

सहकारी संस्थाकी व्यवस्थापक सङ्गीता ओझा भुर्तेलले मेलाका दिन दुग्धजन्य वस्तुको बिक्रीमा विशेष छुट दिइने जानकारी दिनुभयो । उहाँका अनुसार मेलामा दूध, दही, पनिर, कुल्फी, घ्यु, मोही, लस्सी, पनिर म:म, पनिर पकौडा, घ्यूमा पकाएको सेलरोटी, दही पुरी तथा स्थानीय अर्गानिक कृषिउपज वस्तुहरू बिक्री गरिन्छ ।

देवघाटका महिलाहरूले सञ्चालन गरेको उक्त सहकारीले बचत तथा ऋणको कारोबारसँगै दूध सङ्कलन, दुग्धजन्य वस्तुको उत्पादन, डेरी सञ्चालन, पशुपालन, तरकारीखेती तथा सामूहिक नगदेबाली खेतीजस्ता आयआर्जनमा सदस्यहरूलाई आबद्ध गराउँदै आएको छ ।

सहकारीमा हाल दैनिक ६०० लिटरभन्दा बढी दूध सङ्कलन हुँदै आएको छ । सङ्कलित दूधलाई आफ्नै उद्योगबाट विभिन्न वस्तु बनाई बिक्री गर्दै आइरहेको छ । सहकारीमा हाल ८१९ जना शेयर सदस्य छन् । सहकारीमा देवघाटको वडा नम्बर ५ तथा वडा नम्बर ४ र १ का महिलाहरू सदस्य छन् ।

शेयर सदस्यमध्ये अधिकांश पशुपालनमा संलग्न छन् । शेयर सदस्यहरूले उत्पादन गरेको दूध सहकारीले खरिद गरी दुग्धजन्य वस्तुहरू उत्पादन गरी बिक्री गर्दै आएको छ ।

***साम्राज्यवादी...***

प्राप्त गरिरहनेछ (यद्यपि उनीहरूले अझै पनि 'टोल बुथ' मा महसुल तिर्नुपर्नेछ) ।

मुख्य प्रश्न यो हो कि इरान र चीनले आफ्नो 'छद्म फ्लीट' (shadow fleet) लाई इन्डोपाकोमले अवरोध गरेको कतिन्जेलसम्म ब्यालिस्टिक प्रतिक्रियाबिना सहन गर्नेछन् ?

**'अल अक्सा ट्रायंगल' नाकाबन्दीको पर्खाइ**

इरानका सबै बन्दरगाहहरूको नाकाबन्दी, जुन स्ट्रेट अफ हर्मुजको मात्र नाकाबन्दी होइनले चाँडै नै आफ्नो कडा जवाफ पाउने सम्भावना छ । यमनको 'अन्सारल्लाह' ले व्याख्या गरेअनुसारको 'अल अक्सा ट्रायङ्गल नाकाबन्दी' (बाब–अल–मन्डेब, साउदी अरबको यान्बु बन्दरगाह, स्वेज र हर्मुजको सम्बन्ध) । हुथीहरू यस विमर्शमा सामेल हुनको लागि एउटा रणनीतिक क्षणको पर्खाइमा छन् । यसले अनिवार्य रूपमा तेलको मूल्य प्रतिब्यारेल ४२०० नाघ्ने स्थिति सिर्जना गर्नेछ ।

यसको अर्थ हो: एक अपूरणीय र प्रणालीगत आपूर्ति झट्का ।

बर्बरिया प्रशासनका कायर 'बबुन' हरूले पक्कै पनि यसको दूरगामी परिणामबारे सोचेका छैनन् । तिनीहरू केवल चीनलाई तेल र अमेरिकी डलरबाट वञ्चित गर्न र सैद्धान्तिक रूपमा 'नयाँ रेशम मार्ग' (BRI) का मुख्य केन्द्रहरूलाई नष्ट गर्न पागल छन् ।

बाँकी सबैको ध्यान चाहिँ इन्डोपाकोमले लागू गरेको यो नाकाबन्दीले चीन बाहिरका कयौँ राष्ट्रहरूलाई कसरी तहसनहस बनाउनेछ भन्नेमा केन्द्रित छ ।

यसले हामीलाई बेसेन्ट जस्ता तुच्छ व्यक्तिहरूको सोचसँग मेल खाने एउटा साधारण तर सम्भावित गणनातर्फ लैजान्छ । सबैलाई तेल र अमेरिकी डलरको लागि तड्पाऊँ, ताकि उनीहरूले तेल वा डलर प्राप्त गर्नका लागि आफ्नो साथमा रहेका अमेरिकी ट्रेजरी बन्डहरू (ऋणपत्र) फेस भ्यालु (अङ्कित मूल्य) भन्दा धेरै कम मूल्यमा अमेरिकालाई नै फिर्ता बेच्न बाध्य हुन् ।

यो 'जालझेलको केन्द्र' हो: जहाँ अमेरिकीहरू आफ्नो ऋणलाई भारी छुटमा बजारबाट बाहिर निकाल्छन् र ऋणमा तिर्नुपर्ने त्यो विशाल ब्याजलाई सजिलै मेटाइदिन्छन्, जुन तिर्न उनीहरू असक्षम छन् ।

तर बर्बरिया प्रशासनले जे चाहन्छ, त्यो पाउँछ नै भन्ने कुनै ग्यारेन्टी छैन । तेहरान समुद्री मार्गमा मात्र निर्भर छैन । दशकौँको प्रतिबन्धपछि उनीहरूले जमिनबाट जोडिने वैकल्पिक कोरिडोरहरू, वस्तु विनिमय व्यापार च्यानलहरू, र 'स्वापिङ' संयन्त्रहरू विकास गरेका छन्, उदाहरणका लागि तुर्कमेनिस्तान हुँदै ।

चीन पनि अब 'मलाक्का दुविधा' ( Malacca Dilemma)–मलेसिया र इन्डोनेसियाको सुमात्रा बीचको साघुरो मार्गको कैदी रहेन, किनभने उनीहरूले रुस–चीन पाइपलाइनदेखि लिएर आफ्ना स्रोतहरूलाई अत्यन्तै सावधानीपूर्वक विविधीकरण गरेका छन् ।

यति मात्र होइन, चीन–म्यानमार पाइपलाइनले मलाक्का मार्गलाई पूर्ण रूपमा बाइपास गर्छ ।

तुर्कमेनिस्तान, उज्बेकिस्तान र काजाकिस्तानसम्म फैलिएको लामो 'चीन–मध्य एसिया ग्यास पाइपलाइन', जसको खर्च चीनले बेहोरेको छ र जसले अमेरिकी समुद्री प्रभुत्व लाई छल्छ, सन् २०१० को दशकदेखि नै सञ्चालनमा छ ।

त्यसपछि अरब सागरमा रहेको 'ग्वादर' गहिरो समुद्री बन्दरगाह छ, जुन 'चीन–पाकिस्तान आर्थिक कोरिडोर' ( CPEC) को मुख्य केन्द्र र बीआरआई ( BRI) को एउटा बलियो खम्बा हो । ग्वादर इरानको सिस्तान–बलुचिस्तानमा रहेको 'चाबहार' बन्दरगाहभन्दा मात्र ८० किलोमिटर पूर्वमा छ: अर्थात् फारसको खाडीबाट धेरै टाढा । यसको अर्थ अरब सागरबाट सिनजियाङसम्म सिधै स्थलमार्ग उपलब्ध छ ।

इरानी तेलबाट वञ्चित हुँदैमा चीन भोकमरीमा पर्ने छैन । चीन लगभग हरेक ऊर्जा र शक्ति उत्पादन क्षेत्रमा विश्वको नेतृत्व गरिरहेको छ । उनीहरूसँग औद्योगिक क्षमता (उत्पादनशील पुँजीवाद), कच्चा पदार्थ, आपूर्ति श्रृङ्खला र दक्ष जनशक्ति छ, जसले हरेक सान्दर्भिक ऊर्जा प्रणालीका लागि आवश्यक प्रविधि र पूर्वाधार निर्माण गर्न सक्छ: सौर्य प्यानल, टर्बाइन, ब्याट्री, प्रसारण लाइन, र सौर्य, वायु, जलविद्युत तथा अर्को पुस्ताको आणविक शक्तिमा जे चाहिन्छ, सबै । मैले गत वर्ष सिनजियाङको यात्रा गर्दै वृत्तचित्र खिच्ने क्रममा ठ्याक्कै यही देखेको थिएँ ।

स्पष्ट छ कि बर्बरियाका अदूरदर्शी प्यादाहरूले यो बुझ्न सक्दैनन् कि इलेक्ट्रिक गाडी (EVs), सौर्य ब्याट्री र बिजुली निर्यातमा चीनको पूर्ण प्रभुत्वको रणनीतिले कसरी यो 'मिडल किंगडम' (चीन) लाई नाकाबन्दी जस्ता कृत्रिम तेल र ग्यासको सङ्कटबाट जोगाइरहेको छ ।

अहिलेको स्थितिमा, 'अजेय आर्मडा' (The Invincible Armada) ओमानको खाडीको बाहिरी किनारामा बसेको छ, जुन धेरैजसो तर सबै होइन, इरानी मिसाइल र ड्रोनको पहुँचभन्दा बाहिर छ । यद्यपि, यो लामो दूरीका ब्यालिस्टिक र हाइपरसोनिक मिसाइलहरूको निसानामा भने पक्कै छ । अमेरिकीहरूले जहाजहरू ट्र्याक गर्न आफ्नो 'आईएसआर' (ISR - गुप्तचरी र निगरानी) प्रणाली प्रयोग गरिरहनेछन्; त्यसपछि साना डुङ्गा र हेलिकप्टरहरूमार्फत 'अवरोध' (interdiction) को प्रक्रिया सुरु गर्नेछन् ।

हालसम्म, केही पनि भएको छैन । वास्तवमा, एउटा ठुलो घटना भने घटेको छ: २ मिलियन ब्यारेल तेल बोक्ने क्षमता भएको, प्रतिबन्धित तर गैरइरानी एक सुपरट्याङ्करले आफ्नो 'एआईएस' (AIS – स्वचालित पहिचान प्रणाली) खुला राखेरै ताकि हरेक ट्र्याकरले देख्न सकोस् स्ट्रेट अफ हर्मुज हुँदै इरानतर्फ प्रस्थान गर्‍यो । इन्डोपाकोमले त्यसलाई छुने हिम्मत समेत गरेन ।

यसैबिच, इरानीहरू केवल पर्खिरहेका छन्, असिमेट्रिकल (अप्रत्यक्ष र रणनीतिक) रूपमा । तर भ्रममा नपर्नुहोस् यदि युद्धविराम भङ्ग भयो भने, उनीहरू लड्नका लागि निकै आतुर छन् ।

यस्तो अवस्थामा, हामी 'सबै रोमाञ्चक मोडहरूको जननी' (Mother of All Cliffhangers) मा प्रवेश गर्नेछौँ । इरानले केवल एउटा अमेरिकी डिस्ट्रोयर ( युद्धपोत) लाई डुबाइदिए पुग्छ वा चिनियाँ गुप्तचरीको सहयोगमा मिसाइल र ड्रोनको वर्षा गरेर अर्बौं डलरका ती 'सजिलो सिकार' हरूलाई अक्षम बनाइदिए पुग्छ ।

त्यसपछि सिङ्गो ग्रहले यसको वास्तविक स्वरूप देख्नेछ: अराजकता, झुट, लुट, समुद्री डकैती र "यदि म तिमीलाई मन पराउँदिन भने मारिदिन्छु" भन्ने मानसिकता बोकेको साम्राज्यको एउटा निर्णायक र भयानक रणनीतिक पराजय ।

आऊ, जे पर्छ भोगौँला ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा